# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# घोडाघोडी नगरपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३८५ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
घोडाघोडी नगरपालिका,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले **घोडाघोडी नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.१५ करोड ७९ लाख ३६ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ३० लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० करोड ६१ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २५ लाख ९८ हजार र पेश्की रु.२ करोड ६० लाख ६० हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.२७ करोड ९७ लाख ७१ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.४३ करोड ७७ लाख ७ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# घोडाघोडी नगरपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ३७ | १५७९३६ | ० | ० | ० | ६६ | ३७ | १५७९३६ | १३०९१ | १२५९८ | १०६१८८ | ० | ० | ११८७८६ | २६०६० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २७९७७१ | ० | ० | २७९७७१ | ० | १५७९३६ | ४३७७०७ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : घोडाघोडी नगरपालिका, कैलाली , घोडाघोडी नगरपालिका , कैलाली

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | खगेन्द्र बहादुर सिंह | २०७६-११-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गणेश प्रसाद रेग्मी | २०७६-२-२ | |
| लेखा प्रमुख | हरिश चन्द्र धामी | २०७८-९-२६ | |
| | | **बेरुजु रकम** | १५७,९३६,४४५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १९,३३,६७,१७२.९६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ८३,१२,८५,६१८ | **चालु खर्च** | ६५,०४,१२,८०४.३४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,६९,८७,०९९ | **पूँजीगत खर्च** | ३४,३२,३९,३१३ |
| **राजश्व बाँडफाँट** | १९,५०,८४,०२४.२ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | २,९४,११,३७४ | | |
| **अन्य आय** | ४,३४,४४,१५८.७ | | |
| **कुल आय** | १,१४,६२,१२,२७३.९ | **कुल खर्च** | ९९,३६,५२,११७.३४ |
| **बाँकी मौज्दात** | | ३४,५९,२७,३२९.९७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।नेपालको सुदूर पश्चिम प्रदेशको कैलाली जिल्ला अर्न्तगतको **यस घोडाघोडी नगरपालिकामा १२ वडा, ६५ सभा सदस्य, ३०८.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा ७५५८६ जनसंख्या रहेको छ।**<br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसंग सम्वन्धित विबरणहरु तथा नेपालकामहालेखापरीक्षकले जारी गरेको **नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली ( व्यबस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS** बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसंग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायतसम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| २ | | | **आन्तरिक नियन्त्रण-**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमाआर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखी संचित कोषमा ट्रान्सफर गरेको पाईएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ। खर्च भएर जाने तथा नजाने जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित भएको पाइएन। जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित हुनुपर्दछ। जिन्सी निरीक्षण भएको छ तर उक्त प्रतिवेदन अनुसार मिनाहा तथा लिलामीको कार्य भएको पाइएन,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन , | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फा. नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाईएन,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन उल्लेखित व्यहोरामा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३ | | | **बजेट पेश तथा स्वीकृति-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराईअसार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले मिति २०७७।३।१० गते रु.८१ करोड ४१ लाख २३ हजारको बजेट सभासमक्ष पेश गरेकोमा मिति २०७७।३।१५ मा बजेट पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने २०७७।३।२१ मा अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनको व्यवस्थाबमोजिम बजेट पारित भएको ७ दिनभित्रै खर्च गर्ने अख्तियारी दिने कार्यलाई निरन्तरता दिनुपर्दछ। | |
| ४ | | | **चौमासिक पूँजीगत खर्च स्थिति-** नगरपालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु. ३१ करोड १ लाख ५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ४६ लाख ५३ हजार अर्थात १४.४० प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड ३७ लाख ३६ हजार अर्थात २०.५५ प्रतिशत र तेश्रो चौमासिकमा रु.२० करोड १७ लाख १६ हजार अर्थात ६५.०५ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.१३ करोड ९४ लाख ८३ हजार अर्थात ४४.९८ प्रतिशत खर्च भएको छ। यसरी तेस्रो चौमास तथा असार महिनामा पूँजीगत खर्चमा चाप बढेकोले | |

आर्थिक वर्षभित्र सम्पन्न भएका चालु तथा पूजीगततर्फका विभिन्न ७७ योजना तथा कार्यक्रमहरुको रु. २ करोड २५ लाख ४५ हजार भुक्तानी दिन बाँकी विवरणबाट देखिएबाट सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५

**क्षेत्रगत बजेट तथा खर्च स्थिति** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७|७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट ( रु. हजारमा) | खर्च ( रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७९१७९ | ४८४३० | ६१.१७ |
| २ | पूर्वाधार विकास | २७८५९४ | १९२२८६ | ६९.०२ |
| ३ | सामाजिक विकास | ४५४७३५ | ४१०२५७ | ९०.२२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३४१८ | ३६३ | १०.६२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२९७९१ | १०८६५२ | ८३.७१ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेेत्रमा सबैभन्दा बढी ९३.९७ प्रतिशत र सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १०.६२ प्रतिशत रहेको छ। पूजीगत क्षेत्रको बजेट सन्तुलित रुपमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६

**रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ। यो वर्ष पटके निर्णयबाट ८२ कार्यक्रमबाट रु.१२ करोड ८५ लाख ७६ हजार घटाई विभिन्न १९९ योजना तथा कार्यक्रममा रु. १४ करोड ३५ लाख ७ हजार बढाई अर्थात बजेटको १७.६२ प्रतिशत रकमान्तर भएको छ। अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ।

७

**खरिद व्यवस्थापन-**

७.१

**खरिद इकाईको गठन -** सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ बमोजिम खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार छुट्टै खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नु पर्ने व्यबस्था गरेको छ।यस पालिकाले खरिद इकाई गठन गरेको नपाइएकोले खरिद इकाईको गठन गर्नु पर्दछ।

७.२

**मुल्यांङ्कन समिति गठन -** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ७१मा पूर्व योग्यताको प्रस्ताब, बोलपत्र, परामर्श सेवाको आशय पत्र वा प्रस्ताब वा सिलबन्दी दरभाउपत्र परिक्षण र मुल्याङ्कन गर्न सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ बमोजिम मुल्याँङ्कन समिति गठन गर्नु पर्ने व्यबस्था छ। यस पालिकाले मुल्याँङ्कन समिति गठन गरेको नपाइएकोले उक्त समितिको गठन गर्नु पर्दछ।

| | | | | |
|---|---|---|---|---|
| ७.३ | | | **समयावधि र कार्यतालिका** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन ।त्यस्तै ठेक्का सम्झौता सम्पन्न भए पछि अधिकाँश ठेक्कामा कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गरेको पाइएन । पेश गरेकोमा पनि म्याद थप गर्दा, थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गरेको पाइएन । जसले गर्दा तोकिएको समयमा कार्य तालिका अनुसार निरन्तररुपमा काम भएको छ भन्ने अबस्था छैन । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्दै तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ७.४ | | | **वीमा तथा कार्य सम्पादन जमानत** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ ।यस पालिकाले सिलबन्दी दरभाउपत्रबाट काम गराएको निर्माण कार्य सबैमा बिमा गरेको प्रमाण लिने गरेको पाइएन ।सिलबन्दी बोलपत्रको माध्यमबाट काम गराएका कामको पनि कतिपय व्यबसायीले बीमा नगरेको र बिमा गरेका पनि नियमावलीको दफा १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्दा म्याद थपको अबधि अनुसार कार्यसम्पादन जमानत र वीमाको अबधि थप भएको देखिएन । जसबाट निर्माण कार्यको जोखिम न्यूनीकरण गर्न कार्यालयले दिएको बिमा वापतको रकम तोकिएको उदेश्य अनुसार नभएको र कार्य सम्पादन जमानतले त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने गरी कार्य भएको पाईएन । दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्दा त्रुटी सुधार गर्ने अबधिसम्मका लागि बीमा गर्ने गराउने तथा कार्य सम्पादन जमानतको अबधि बढाएको प्रमाण लिने व्यबस्था हुनुपर्दछ । | |
| ७.५ | | | **क) गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था अनुसार आवश्यक कार्यको परीक्षणका लागि छुट्टै आइटम बनाई भुक्तानी समेत गर्ने गरेको छ । भुक्तानी प्रयोजनका लागि केही ठेक्कामा गुणस्तर परीक्षणका प्रमाण लिएपनि अधिकाँश ठेक्कामा नलिएको अबस्था छ । गुणस्तर परीक्षण परीक्षण गराएकोमा पनि के कति संख्या र समयमा गुणस्तर परीक्षण गरिनु पर्ने हो, सो अनुसार गरे नगरेको अनुगमन मुल्यांकन गरेको देखिएन । तसर्थ गुणस्तर परीक्षणको व्यवस्था गर्दा आवश्यक ठानिएका कार्यको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने र परीक्षण गर्दा गराउँदा सकेसम्म कार्यालयबाटै नमुना लिई परीक्षण गर्दा गराउदा भरपर्दो र बिश्वसनीय हुने तर्फ ध्यान जान आबश्यक देखिन्छ ।<br><br>**ख) कन्टिन्जेन्सी** - सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि खर्च गरेको जनाए पनि योजनागतसहित कुल खर्च देखिने गरी अभिलेख राखेको छैन ।कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |
| ८ | | | **प्रगति प्रतिवेदन-** पालिकाले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्दछ । कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा भएका◌े भा◌ैतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसारको प्रगति विवरण तयार गरेका◌े देखिएन जसले गर्दा सम्पादित कामका◌े परिमाण र अबस्था का◌े बारेमा स्पष्ट हुन सक्ने अबस्था नरहेका◌ेले निर्धारित ढाचामा आवधिक र बार्षिक प्रगति प्रतिबेदनहरु तयार गरी सा◌े का◌े बिश्लेषण समिक्षा र अनुगमन गर्नुपर्ने देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्नु मनासिब देखिएन । यसमा सुधार हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ९ | | | **कानून निर्माण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म नगरपालिकाले ऐन, नियमावली, कार्यविधि, निर्देशिकासमेत गरी ४४ कानून बनाएको छ । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय तथ्याङ्क , विपद् व्यवस्थापन, भाषा संस्कृति लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ नगरपालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| १० | | | **न्यायीक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७७/७८ मा गत वर्षको ६ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष १२ मुद्दा दर्ता भई कुल १८ मुद्दा रहेकोमा ६ मुद्दा फछ्र्यौट भएका छन भने १२ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । मुद्दाको वडागत अभिलेख नराखेको्, सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |
| ११ | | | **अनुदान फिर्ता-** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तसम्म खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.४ करोड ५ लाख ५३ हजार ५ सय ५८ \|- संघीय सञ्चित कोषमा मिति २०७८\|५\|३० तथा प्रदेश अनुदान रु.१८ लाख २४ हजार ३१० \|- प्रदेश सञ्चित कोषमा मिति २०७८\|७\|९ मा फिर्ता गरेको छ । खर्च नभएको अनुदान रकम असार मसान्तभित्रै सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| १२ | | | **सार्वजनिक सम्पतिको उपयोग संरक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| १३ | | | **नक्सा पारित-** पालिकाले नक्सा पारित गर्दा सेवाग्राहीले पेश गरेको नक्सामा उल्लेखित क्षेत्रफल अनुसार तोकिए बमोजिमको राजश्व अशुल गर्नु षर्दछ ।तर सेवाग्राहीले दुई वा सोभन्दा बढी तल्लाको नक्सा पेश गरी न्युनतम एक तलाकोमात्र राजश्व भुक्तान गरे पनि पेश गरेको नक्साको पुरै राजश्व भुक्तान गरे सरह गरी नक्सा प्रमाणित गरिदिने गरेको देखियो । यस्तो प्रकृयाले नक्शा पास गरिदिंदा पालिकालाई प्राप्त हुनुपर्ने राजश्व प्राप्त नभए पनि सेवाग्राहीले भने पास गरेको नक्शा अनुसार निर्माण कार्य गर्न पाउने अबस्था रहने हुँदा पेश गरे अनुसारको नक्शाको पुरै राजश्व अशुल भए पछिमात्र पेश गरेको अनुसारको नक्शा पास गरिदिने व्यबस्था हुनु पर्दछ । | |
| १४ | | | **पदाधिकारी सुविधा-** नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. १ करोड ४२ लाख ५१ हजार | |

देहायबमोजिमको सुविधा वापत भुक्तानी भएको छ।

| सि.नं | विवरण | नगर प्रमुख | नगर उपप्रमुख | वडा अध्यक्ष 12 जना | कार्यपालिका सदस्य 8 जना | सभाका सदस्यहरु 42 जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 26000 | 26000 | 312000 | 208000 | 1008000 | १५८०००० |
| २ | यातायात खर्च | ० | 130000 | 0 | १११५०० | ५२५००० | ७६६५०० |
| ३ | टेलिफोन,मोबाइल | 91000 | 78000 | 624000 | ३६४००० | १००८००० | २१६५००० |
| ४ | पुस्तक,पत्रीका, | 84500 | 65000 | 624000 | ३६४००० | १२६०००० | २३९७५०० |
| ५ | समन्वय तथा सहजीकरण | 130000 | 117000 | 1014000 | ६२४००० | २०१६००० | ३९०१००० |
| ६ | अतिथि सत्कार | 143000 | 130000 | १२४८००० | ० | ० | १५२१००० |
| ७ | खानेपानी/बिजुली/ | 52000 | 45500 | ३९०००० | २६०००० | ५०४००० | १२५१५०० |
| ८ | चाडपर्व खर्च | २७५०० | २५००० | २१६००० | ६४००० | ३३६००० | ६६८५०० |
|  | जम्मा | ५५४००० | ६१६५०० | ४४२८००० | १९९५५०० | ६६५७००० | १४२५१००० |

१५ **आर्थिक सहायता-** अन्य आर्थिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई रु.१००००|- देखि ३०००००|- सम्म गरी जम्मा रु.४९८६४०|- नगद बाँडेको देखियो। नगरपालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि बनाई बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा दिएको पाइयो। यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ब्यवस्था भएको नदेखिँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१६ **दरवन्दी र पदपूर्ति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८८ दरबन्दी स्वीकृत रहेको छ जसमध्ये प्रमूख प्रशासकीय अधिकृतसहित ७ अधिकृत स्तरका सहित ३० पद रिक्त रहेको छ भने रिक्त पदमध्ये ३ पदमा करारबाट पदपूर्ति गरेको छ। नगरपालिकामा कुल ९१ करारका कर्मचारी कार्यरत रहेका छन्। करारका कर्मचारीलाई यो वर्ष रु. १ करोड ४६ लाख ३६ हजार पारिश्रमिकमा खर्च गरेको छ। कामको विश्लेषण तथा कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कानूनबमोजिम मात्र कर्मचारी भर्ने गर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।

१७ **सेवा प्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाले सेवा प्रवाह गर्नुपर्दछ। यस वर्ष पालिकाबाट निम्नबमोजमिम सेवाप्रवाह भएको विवरण पेश भएको छ। पालिकाले स्थानीय सरकार संचालन ऐन तथा पालिकाबाट निर्मित ऐनकानूनबमोजिम सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ।

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>विवरण</td><td>जम्मा</td></tr><tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२४</td></tr><tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr><tr><td>जन्मदर्ता</td><td>१०९९२</td></tr><tr><td>मृत्युदर्ता</td><td>१६५७</td></tr><tr><td>बसाईसराई दर्ता</td><td>११५७४</td></tr><tr><td>विवाह दर्ता</td><td>३३१७</td></tr><tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>४०</td></tr></table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>योजना छनोट- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको २०८ योजनामध्ये ५ लाखभन्दा घटीका योजना १०७, ५लाखदेखि १० लाखसम्म ५३ योजना तथा १० लाखदेखि ५० लाखसम्मका ३७ योजना तथा ५० लाखभन्दा बढीका ११ योजना रहेका छन्। अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सफ्टवेयर खरिद- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ। स्थानीय तह यस वर्ष व्यवसाय दर्ता प्रणाली सफ्टवेयर खरिदमा रु.३३००००|- खर्च गरेको छ। स्वीकृतीवेगरका एकिकृत सम्पति प्रणाली , एच एम आई एस, जस्ता महत्वपूर्ण सफ्टवेयरको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छ भन्ने अवस्था रहेन। यस्ता सफ्टवेयर प्रयोगमा ल्याउँदा स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्की व्यवस्थापन</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>कार्यक्रम पेश्की-सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ। कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछर्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछर्यौटको लागि पेश गर्ने गरेको देखियो। यस्तो प्रकृयामा सुधार हुनुपर्दछ |</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>उपभोक्ता समितिलाई पेश्की-उपभोक्ता समितिहरुमार्फत् कार्यान्वयनमा ल्याईएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षभित्र फछर्यौट नहुने गरी पेश्की समेत उपलब्ध गराउन नसकिने व्यवस्था छ। कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिएर काम गराएको छ। आर्थिक वर्षको अन्त्यतिर पेश्कीसमेत दिएर काम गराउने कार्य मनासिव देखिँदैन। यस्ता कार्यमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
</table>

२०.३

**पेश्की फछर्यौट**:पेश्की दिएको रकम म्यादभित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु.१७१२५८५६|- तथा म्याद नाघेको पेश्की रु.२६०५९६६५|- समयमा फर्छयौट गर्नु गराउनु पर्ने देखिएको छ।

| सि.नं. | नाम | पान नं. | रकम |
|---|---|---|---|
| | म्याद ननाघेको | | |
| १ | तेडी। मणिलेक जे.भी. | | १९००००० |
| २ | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | | ५००००० |
| ३ | न्यु कुमारी कन्स्ट्रक्सन | | २८८०००० |
| ४ | श्रीस्थान निर्माण सेवा प्रा.लि. | | ८५०००० |
| ५ | मालिका निर्माण सेवा प्रा.लि. | | ९००००० |
| ६ | चादनी कन्स्ट्रक्सन चन्द्र बिकास जे भी | | १८९५८५६ |
| ७ | राजेन्द्र निर्माण सेवा | | ८२००००० |
| | | | १७१२५८५६ |
| | म्याद नाघेको | | |
| १ | धनिराम चौधरी | | ३४२२०६ |
| २ | भागीराम चौधरी | | १२५००० |
| ३ | होम प्रसाद रिजाल | | १००००० |
| ४ | राम प्रसाद चौधरी | | ३७५००० |
| ५ | प्रमोद चौधरी | | १२७०० |
| ६ | आरती चौधरी | | ६०००० |
| ७ | नेपाल विद्युत प्राधिकरण | | १०९१८७.१९ |
| ८ | श्री दशरथ माध्यमिक विद्यालय | | १००००००० |
| ९ | मालिका प्राथमिक विद्यालय | | ४८८००० |
| १० | प्राइम लाइफ इन्स्योरेन्स कम्पनि लि. | | १९९०६२ |
| ११ | बाल ज्योती आ.वि ,जरही | | १२९३५१० |

२६,०५९,६६५

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>राष्ट्रिय मा.वि सुखड</td><td></td><td>६८०००००</td></tr>
<tr><td>१३</td><td>छडि माध्यमिक विद्यालय,बेलार</td><td></td><td>१८०००००</td></tr>
<tr><td>१४</td><td>जनप्रिय आधारभुत विद्यालय, फारम</td><td></td><td>१८०००००</td></tr>
<tr><td>१५</td><td>रा.मा.वि.  देउकलिया</td><td></td><td>१८०००००</td></tr>
<tr><td>१६</td><td>साडेपानी वजारमा शौचालय नि.उ.स.</td><td></td><td>३३००००</td></tr>
<tr><td>१७</td><td>चुरे जल उपभोक्ता समिती</td><td></td><td>१०००००</td></tr>
<tr><td>१८</td><td>कैवा कैलाशपुर कल्भर्ट निर नाली निर्माण उ.स.</td><td></td><td>२०००००</td></tr>
<tr><td>१९</td><td>जरहि टोल खानेपानी पाइप विस्तार उ.स.</td><td></td><td>१२५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२६०५९६६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त कोष खडा गरेको छैन । कोषको संचालन सम्बन्धमा पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन। कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम नगरपालिकाले जम्मा गरी कोष खडा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१)  बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा समितिले ऐनको व्यवस्थाअनुसार बजेट सीमा उपलव्ध गराएको छैन । समितिले ऐनको व्यवस्थाअनुसार कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>नगर प्रोफाइल- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम नगरपालिकाले नगर प्राेफाइल तयार गरेको छ। नगरपालिकाले बजेट तर्जुमादेखी याेजनाहरु सञ्चालन गर्दा नगर प्रोफाइललाई आधार मानी तर्जुमा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जूमा समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१)  मा उपाध्यक्ष वा उप प्रमूखको संयोजकत्वमा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति</td><td></td></tr>
</table>

गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ। नगरपालिकाले नगरप्रमूखको संयोजकत्वमा उक्त समिति गठन गरेको छ भने आ.व. २०७७|७८ को लागि उक्त समितिको बैठक बसेको छैन। कानूनको व्यवस्थाबमोजिम समिति गठन गरी कानूनबमोजिमको कार्य गर्नुपर्दछ।

२५ **बढी ग्रेड भुक्तानीः वढी ग्रेड भुक्तानीः** शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्नेमा नगरपालिकाको २०७७ को शिक्षकको पारित तलवि प्रतिवेदन अनुसार देहायका विद्यालयका शिक्षकहरुको मासिक ग्रेडभन्दा बढी ग्रेड निकासा दिएकोले बढि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. १३,३४८

| विद्यालयको नाम | शिक्षकको नाम | पारित ग्रेड | भुक्तानी ग्रेड | ग्रेड दर | बार्षिक बढि रकम |
|---|---|---|---|---|---|
| सिताकुण्ड मावि गणेशपुर | पदमराज ओझा | ६ | ७ | ९४० | १३३४८ |

२६ **कार्य सम्पन्न नभएकोः कार्य सम्पन्न नभएकोः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार विद्यालयसँग सम्झौता भए पछि पहिलो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत अनुदान दिने, संरचना (Structural Part) को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कूल अनुदान रकमको ५० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रूपमा कूल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने तथा विद्यालयको भौतिक पूर्वाधार कार्य आर्थिक बर्षको असार १५ सम्ममा कार्य सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ। नगरपालिकाबाट देहायका विद्यालयलाई ४ कोठे भवन निर्माणका लागि नियमानुसार निकासा गर्नुपर्नेमा पुरै पेश्की रुपमा दिएको देखियो। हाल सम्म पनि कार्य सम्पन्न गरेको नदेखिएकोले कार्यान्वयन पुस्तिकाले तोकेको सिमा भित्र रहेर कार्य गर्नुपर्दछ।

| विद्यालयको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| रा मावि सुखड | २ कोठे भवन निर्माण | १८००००० |
| छडि मावि वेलार | २ कोठे भवन निर्माण | १८००००० |
| रा मावि देउकलिया | २ कोठे भवन निर्माण | १८००००० |
| जनप्रिय आवि फाराम ख | २ कोठे भवन निर्माण | १८००००० |
| दरख मावि | खानेपानी सहितको शौचालय | ७००००० |
| रा मावि सुखड | विशेष अनुदान | ५०००००० |
| दशरथ मावि सडियानी | नमुना मावि | ७०००००० |
| मेलघट्टी मावि | ४ कोठे भवन | २५२०००० |
| रा मावि नकफोड्वा | भुकम्पिय प्रवलिकरण | १५००००० |
| जम्मा | | २३९२०००० |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **सियूजि सिमः सियुजि सिमः** कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को क्रियाकलाप १.२ अनुसार शिक्षक तथा विद्यार्थलाई सि.यू. जि. सेवामा आवद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थि संख्याका आधारमा प्रति विद्यार्थि मासिक रु.१२५। का दरले ३ महिनाको रकम विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था अनुरुप नगरपालिकाले ३७ विद्यालयलाई सो कार्यको लागि रु.३९५६९२०। रकम निकासा दिएकोमा नगरपालिकाबाट सो कार्यक्रम सञ्चालन भए नभएको प्रमाण पेश नभएकाले एकिन हुन नसकेकाले तहाँ कार्यालयबाटै एकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ३,९५६,९३० |
| २८ | | | **कोभिड कोष आय व्यय** कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ। प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ। | |

| आम्दानीको विवरण | रकम | खर्चको विवरण | रकम |
|---|---|---|---|
| गत बर्षको मौज्दात | ९०३६८९ | राहत वितरण | ० |
| संघीय संचित कोष | | क्वारेण्टिन व्यवस्थापन | ३८४७३०।८० |
| प्रदेश संचित कोष | | आइसोलेसन व्यवस्थापन | ५००००० |
| आन्तरिक स्रोत | ७५९४२२२।६१ | जोखिम भत्ता | २२४३८३ |
| संघीय कोभिड कोष | | औषधि एवं स्वास्थ्य सामग्री | ४९९७९ |
| अन्य | | अन्य | ४५०००० |
| | | मौज्दात | ६८८८८१८।८१ |
| जम्मा | ८४९७९११।६१ | जम्मा | ८४९७९११।६१ |

पालिकाले कोभिड नियन्त्रण कार्यका लागि माथि उल्लिखित खरिदमा खर्च गर्दा सोझै खरिद गरेकाले नगरी प्रतिस्पर्धाको माध्यमबाट गराउन ध्यान जान आवश्यक देखिन्छ।

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **अनुगमन नभएको**: विद्यालय अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालयलाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट दिवा खाजामा ९० दिनको लागि ५१ विद्यालयलाई रु.१२७७२३५०। अनुदान निकासा भएकोमा सो सम्बन्धमा पालिकाबाट के कति खर्च भएको हो प्रति दिन विद्यार्थि हाजिरिको संख्या अनुसार खाजा खुवाए नखुवाएको बारे अनुगमन गरेको देखिएन। पालिकाले उक्त निकासा भएको अनुदानको वितरण भए नभएको एकिन हुने प्रमाण पेश हुनुपर्ने रु. | १२,७७२,३५० |
| ३० | | | **राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। उक्त व्यहोरा अनुसार अशुल भएको राजश्व दाखिला गरेको एकिन गर्नका लागि राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता म ले प फा नं १०६ र राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोस्वारा खाता म ले प फा नं १०७ मा दैनिक पोष्टङ्ग गर्नु पर्नेमा सो अनुसार गरेको देखिदैन। यस्तो अबस्थामा अशुल गरिएको राजश्व समयमा दाखिला नगरेको अबस्थामा जरिवाना समेत गणना गरी दाखिला भएको छ भन्ने अबस्था छैन ।यसमा सुधारका लागि तोकिएका सबै म ले प फाराममा तोकिए अनुसार पोष्टङ्ग गर्ने र समयमा दाखिला नगरेको अबस्था जरिवाना समेत अशुल गर्ने व्यबस्था गर्नु पर्दछ। | |
| ३१ | | | **निरीक्षण नभएको-** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्थामा करदाताले बुझाएको रकमलाई नै यथार्थ रकम मानी अशुल तथा दाखिला गर्ने कार्यले पालिकालाई प्राप्त हुनु पर्ने सबै राजश्व कानूनी प्रकृया पुरा यथार्थरुपमा दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनु पर्दछ। त्यस्तै पालिकाले कतिपय राजश्व प्राप्त हुनुअगावै लगत तयार गरी असुली भएपछि सो अनुसार असुल भए नभएको भिडान गर्न सक्ने गरी राखेको छैन। यसमा सुधारका लागि प्रयास हुनुपर्दछ। | |
| ३२ | | | **व्यवसाय कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१ करोड ६८ लाख ८७ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ। | |
| ३३ | | | **कार्य योजना स्वीकृत नगरेको-** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ। यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनु पर्दछ। | |
| ३४ | | | **मनोरञ्जन कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७/७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन। पालिकाले आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख अद्यावधिक गरी बक्यौता मनोरञ्जन कर एकिन गरी असूल हुनुपर्दछ। | |
| ३५ | | | **आय ठेक्का-** यस पालिकाले यस आ ब मा चालू रहेकामध्ये केही आय ठेक्काको अबस्था निम्न अनुसार रहेको देखिन्छ। | |

| क्र.सं. | कामको बिबरण | व्यबसायीको नाम | ठेक रकम रु. | अबधि | २०७७।७८ सम्म अशुल रकम रु | २०७७।७८ सम्मको अशुल हुँन बाँकी रकम रु. | कुल अशुल हुन बाँकी मु अ कर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | बिभिन्न ५ नदीबाट नदीजन्य पदार्थ संकलन ठेक्का | रेखा निर्माण सेवा | २,७५,५२,०००। | २०७७।७८ | २,३७,९३,६३२। | ३७,५८,३६८। | ३५,८१,७६०। |
| २ | ठुलो बगुलिया ताल ठेक्का | तुलसा कन्स्ट्रक्सन प्रा लि | ६५,१०,०००। | ०७६।४।१दे | ० | ३२,५५,०००। | ४,२३,१५०। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | खि ०८०।३।३० सम्म | | | |
| | | जम्मा | | | २,३७,९३,६३२। | ७०,१३,३६८। | ४०,०४,९१०। |

| | | | | |
|---|---|---|---|---|
| | | | उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| ३५.१ | | | रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२. बमोजिम बार्षिक बुझाउनु पर्ने रकम तीन किश्तामा अग्रिम रुपमा बुझाउनु पर्ने, समयमा नबुझाए बार्षिक १० प्रतिशतका दरले सुद लिनु पर्ने व्यबस्था रहेको छ ।तालिकामा उल्लेखित दुई व्यबसायीबाट रु. ७०,१३,३६०। अशुल हुन बाँकी रहेकोले सो रकममा सुद समेत गणना गरी अशुल हुनु पर्ने रु. | ७,०१३,३६८ |
| ३५.२ | | | मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेको छ ।तर यस पालिकाले उल्लेखित आय ठेक्कामा अशुल गर्नुपर्ने मुल्य अभिबृद्धि कर रकम पालिका आफैंले अशुल नगरी नेपाल सरकारलाई कुनै कर राजश्व र मुल्य अभिबृद्धि कर रकम बुझाउनु पर्ने भए स्वयं ठेकेदारले सम्बन्धित कार्यालयमा बुझाई र सोको प्रमाण पेश गरे हुने सम्झौता गरेको देखिएकोले मुल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम पालिकाले स्वयंले अशुल गरेको छ भन्ने अबस्था रहेन । सम्बन्धित व्यबसायीले राजश्व शीर्षक नं ३३३१७ मा मु अ कर रकम दाखिला गरेको भए सोको प्रमाण पेश गरेको छैन । यस्तो अबस्था मुल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने थप दस्तुर, जरिवाना र व्याजसमेत सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको पत्र सहित मु अ कर रकम अशुल गरी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | ४,००४,९१० |
| ३५.३ | | | नदीजन्य पदार्थ संकलनका लागि रेखा कन्स्ट्रक्सनसँगको ठेक्का सम्झौतामा उल्लेखित सबै नदीबाट कुल २,००,०५७ घनमिटर संकलन गर्न सकिने उल्लेख छ । उक्त परीमाण अनुसार उठाए नउठाएको पालिकाबाट कुनै अनुगमन मुल्याँङ्कन गरेको छैन ।यस्तो अबस्थामा तोकिएको परिमाणमात्र संकलन गरी पालिकालाई प्राप्त हुनुपर्ने आय यथार्थरुपमा प्राप्त भएको भन्ने अबस्था छैन ।ठेक्का सम्झौता अनुसार तोकिएको परिमाणमात्र संकलन गर्ने गराउने कार्यको निरन्तर अनुगमन मुल्याँङ्कन हुने व्यबस्था हुनु पर्दछ ।<br><br>रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १४. बमोजिम बुझाउनु पर्ने जम्मा ठेक रुपैँयाको चार खण्डको एक खण्ड बराबर डिपोजिट लिएर ठेक्का बन्दोबस्त गर्नुपर्ने उल्लेख छ । माथि तालिकामा उल्लेखित ठेक्कामा शुरु सम्झौता हुँदा बैक जमानत लिए पनि हाल ठेक रकम अशुल हुन बाँकी रहे पनि जमानतको अबधि थप गरेको वा जमानत रोक्का गरेको पाइएन ।ठेक रकम अशुल नहुँदा पनि बैक ग्यारेन्टी रकमबाट अशुल गर्न बैकलाई कुनै पत्राचार नै नगर्नु बैक ग्यारेन्टी लिनुको प्रयोजन अनुसार काम भएको भन्ने अबस्था रहेन । | |
| ३५.४ | | | चिडिया ताल ठेक्काका लागि २०७६।३।७ मा सार्बजनिकरुपमा सिलबन्दी बोलपत्र आव्हान गरेको छ । उक्त ठेक्काका लागि ४ बर्षका लागि न्यूनतम कबोल रकम रु.३०,००,०००। हुने उक्त बोलपत्रमा उल्लेख छ । उक्त ठेक्का सम्बन्धि कागजात लेखापरीक्षणमा पेश भएन । उक्त ताल ठेक्काका सबै कागजात पेश गरी ठेक्का रकम तथा त्यसमा लाग्ने मु अ कर समेत अशुल गरेको प्रमाण पेश हुनु पर्ने रु. | ३,०००,००० |

३५.५ पालिकाले नगर क्षेत्रका नगरपालिकाको स्वामित्वको कुल ६४ तालमध्ये ५० ताल २ देखि ४ बर्षसम्म ठेक्का लगाउँदा न्यूनतम कुल रु.१ करोड ४२ लाख ८३ हजार आम्दानी हुने, अन्य १४ ताल पनि ठेक्का लगाउन सकिने तर न्युनतम कुल आम्दानी कति हुने उल्लेख छैन । उक्त ६४ तालमध्ये ठुलो बगुलिया ताल रु.२२,७७,०००।बाट न्युनतमा आम्दानी हुने अनुमान गरेकोमा रु. ६५,१०,०००।मा ठेक्का लागेको देखिन्छ । बाँकी ६३ ताल समेत आबश्यक प्रकृया पुरा गरी ठेक्का लगाउन सके पालिकालाई ठुलो रकम आय हुन सक्नेमा ठेक्का लगाउने सम्बन्धमा पालिकाबाट यथोचित प्रयाश गरेको पाइएन । ठेक्का नलगाइएका तालहरुबाट हुने आय कसले उठाएको छ वा छैन पालिकाबाट एकिन गरेको समेत देखिएन । सबैतालहरु प्रतिस्पर्धाको माध्यमबाट ठेक्का लगाउने व्यबस्था हुनु पर्दछ ।

३६ **सार्वजनिक स्थानमा भवन निर्माण-**

३६.१ यस पालिकाले यस आ ब मा निर्माण सम्पन्न गरेका र निर्माण कार्य जारी रहेका भनि निम्न अनुसारको विबरण उपलव्ध गराएको छ ।

| क्र सं | कार्यक्रमको नाम | सम्झौता रकम | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|
| | हेल्थ केयर सेन्टर टाइप दुई | | | |
| 1. | वडा नं ६ | 3406109.46 | 3246109.5 | कार्य सम्पन्न |
| 2. | वडा नं ७ | 3491048.97 | 3331049 | कार्य सम्पन्न |
| 3. | वडा नं ९ | 3424418.87 | 3264418.9 | कार्य सम्पन्न |
| 4. | वडा नं १० | 3690709.66 | 3530709.7 | कार्य सम्पन्न |
| | हेल्थ केयर सेन्टर टाइप एक | | | |
| 5. | वडा नं १ | 5619791.1 | 5459791.1 | कार्य सम्पन्न |
| 6. | वडा नं ५ | 5658006.25 | 5498006.3 | कार्य सम्पन्न |
| 7. | वडा नं ८ | 5492348.34 | 5332348.3 | कार्य सम्पन्न |
| 8. | वडा नं १२ | 5954101.89 | 5897435 | कार्य सम्पन्न |
| | कार्यालय भबन | | | |
| 9. | नगर कार्यालय भवन | 47400221 | 27480144 | निर्माणाधिन |
| 10. | वडा नं १ | 8880773.07 | 8753112.3 | कार्य सम्पन्न |
| 11. | वडा नं ४ | 9559724.24 | 9393582.1 | कार्य सम्पन्न |
| 12. | वडा नं ५ | 8996806.41 | 8992808.4 | कार्य सम्पन्न |
| 13. | वडा नं ६ | 9590510.33 | 3922591 | निर्माणाधिन |
| 14. | वडा नं ७ | 8910440.98 | 8895441 | कार्य सम्पन्न |
| 15. | वडा नं ९ | 8430650.89 | 4784697.6 | निर्माणाधिन |
| 16. | वडा नं १० | 9031037.35 | 7889623 | कार्य सम्पन्न |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>17.</td><td>वडा नं १२</td><td>9089057.48</td><td>9059057.5</td><td>कार्य सम्पन्न</td></tr>
<tr><td></td><td>जम्मा</td><td>156625756</td><td>124730925</td><td></td></tr>
</table>
उक्त निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br><br>
(क) भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआवजा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ। तर यस पालिकाले घर बनाउने जग्गाको व्यबस्थापन नै नगरी यस पालिकाको नाममा दर्ता नै नभएको सार्बजनिक जग्गामा उल्लेखित तालिका अनुसारका भबन बनाउने गरी रु. 15,66,25,756। भुक्तानी दिने सम्झौता गरी निर्माण कार्य गराइरहेको पाइयो। यस्ता कार्य प्रचलित कानून विपरित हुने हुँदा कानूनी प्रकृया पुरा गरी नगरपालिकाको स्वामित्व भएको जग्गामा मात्र भबन बनाउने व्यबस्था हुनुपर्दछ।<br><br>
(ख) उल्लेखित भवनहरुमध्ये कार्यालय भवनहरु निर्माणका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण तथा विपत व्यबस्थापन शाखा को च नं २६४ मिति २०७७।१०।२५ को पत्रबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदनमा पुनरावलोकन समितिले दिएको राय/सुझाब/टिप्पणी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेनको अंश हुने, नियमानुसार जग्गा प्राप्ति प्रकृया पुरा गरेरमात्र निर्माण कार्य प्रारम्भ गर्ने भनि पत्र पठाएकोमा उक्त पत्र प्राप्त हुनु अगाबै ठेक्का पट्टाको काम सम्पन्न गरी निर्माण प्रकृया शुरु गरिसकेको देखियो। यस्तो अबस्थामा प्रारम्भिक वातावरणीय परिक्षणका राय/सुझाब/टिप्पणीको कार्यान्वयन हुने गरी काम गरेको छ भन्ने अबस्था रहेन।यसका अतिरिक्त उल्लेखित सबै निर्माण कार्य सार्वजनिक जग्गामा गरेको जानकारी हुन आयो। पालिकाले सबै कार्य गर्दा नियमानुसार जग्गा प्राप्त गर्ने र वातावरणीय परिक्षणबाट प्राप्त राय/सुझाब/टिप्पणी अनुसारका व्यहोराहरु पालना गर्दै निर्माण कार्य गर्नु गराउनु पर्दछ।
</td><td></td></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>
वातावरणीय परिक्षणका राय/सुझाब/टिप्पणी आउनु अगाबै ठेक्का पट्टा गरी काम शुरु गरी सकेको भए पनि बाताबरणिय परिक्षणका निम्न अनुसारका काम गरेको भनि नगरपालिका पूँजिगतबाट निम्न अनुसार खर्च गरेको देखियो। उक्त खर्च पालिकाको लागि उपयोगी र मितव्ययी भयो भन्ने अबस्था रहेन। यस्ता खर्च नियन्त्रण हुनु पर्दछ।
<table>
<tr><td>गो भौ। मिति</td><td>कामको बिबरण</td><td>भुक्तानी पाउने</td><td>खर्च रकम रु.</td></tr>
<tr><td>१८२।०७७।११।२</td><td>वडा कार्यालय र न पा भवनको आइ इ इ</td><td>Expert Point and Reserch Center Pvt. Ltd.</td><td>९,४२,४२०।</td></tr>
<tr><td>१३१।०७७।८।१६</td><td>वडा कार्यालय र न पा भवनको आइ इ इ सम्बन्धि कार्य गरेको भनि संघिय मामिला मन्त्रालय र अन्य निकायका व्यक्तिलाई सक्कल प्रमाण बेगर भत्ता भुक्तानी दिएको</td><td>Expert Point and Reserch Center Pvt. Ltd.</td><td>२,९७,०००।</td></tr>
</table>
</td><td>१,२३९,४२०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>जम्मा</td><td>१२,३९,४२०|</td></tr></table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कागजात पेश नभएको- लेखापरीक्षण क्रममा लेखापरीक्षणले माग गरेका सबै कागजात तथा ठेक्का फाइल लेखापरीक्षणका लागि उपलव्ध हुनु पर्दछ ।तर लेखापरीक्षकले माग गरेका फाइलमध्ये निम्न निर्माण सम्बन्धि फाइल पेश नभएकोले ठेक्का सम्बन्धि सम्पूर्ण व्यहोरा परीक्षण गर्न सकिएको छैन लेखापरीक्षकले माग गरेका सबै ठेक्का फाइल पेश हुनु पर्ने रु.<br><table>
<tr><td>क्र सं</td><td>कामको विबरण</td><td>निर्माण व्यबसायी</td><td>कुल भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>७ नं वडा कार्यालय भवन निर्माण</td><td>अन्जु निर्माण सेवा</td><td>८९,२९,७९६|</td></tr>
<tr><td>२</td><td>४ नं वडा कार्यालय भवन निर्माण</td><td>निराजन कन्सक्ट्रक्सन</td><td>९५३८६८७|६८</td></tr>
<tr><td>३</td><td>५ नं वडा कार्यालय भवन निर्माण</td><td>अन्जु निर्माण सेवा</td><td>८९,७२,८०७|९३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२७४४१२९१|६१</td></tr>
</table></td><td>२७,४४१,२९१.६१</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>अस्पताल भवन निर्माण- लागत अनुमान रु.१4,50,0३,957। भएको यस नगरपालिकामा वडा नं २ को साँढेपानीमा १५ बेड क्षमताको अस्पताल बनाउने कार्यका लागि बोलपत्र आव्हान गरेकोमा प्राप्त इ बिडिङ्गमध्ये सबै भन्दा घटी कवोल रु.९,५३,२९,३६६|८४ ( मु अ कर समेतमा) राजेन्द्र निर्माणसँग सम्झौताको दुई बर्ष अर्थात २०८०|१|२८ सम्ममा काम सम्पन्न गर्ने गरी २०७८|१|२९ मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:<br><br>(क) लेखापरीक्षण समय २०७८ फागुनसम्ममा सम्झौता भएको १० महिना अर्थात करिब ४१ प्रतिशत समय सकिन लागि सके पनि निर्माण कार्य शुरु नगरेकोले प.स.२०७८|०७९ च.नं.२७५३ मिति २०७८|११|१८ को पत्रबाट सम्झौतामा पेश गरेको कार्य योजना (Work Schedule Plan) प्रतिबद्धता अनुरुप निर्माण कार्य ७ (सात) दिन भित्र संचालन गर्न हुन भनि पत्र पठाएको भए पनि काम शुरु गरेको पाइएन ।समयमा काम शुरु नगरे पनि समयमा काम सकिने स्थिति नभए पछि कोभिड लगायत अनेक समस्या देखाएर निर्माण अबधि थप गर्नु पर्ने, मुल्य समायोजन लगायतका कारणले लागत र समय बढन गई अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवामा असर पर्ने हुँदा समयमा काम शुरु नगरेको व्यहोरा मुल्य समायोजन तथा म्याद थप गर्ने अबस्था आए यस व्यहोरालाई ध्यान दिने व्यबस्था हुनुपर्दछ ।<br><br>निर्माण व्यबसायीसँग २०७८|१|२९ देखि २०८०|१|२८ सम्म निर्माण अवधि रहने गरी ठेक्का सम्झौता भएकोले सो अवधि सहित त्रुटी सुधार गर्ने अवधिसम्म बहाल रहने काम, कामदार र औजार सहितको बीमा गरेको कागजात पेश गर्नुपर्ने व्यबस्था भए पनि हालसम्म पेश गरेको छैन । यस्तो अबस्थामा निर्माण अबधिमा कुनै भवितव्य परेमा बिमाबाट क्षतिपूर्ति लिन कठिनाई हुने हुँदा बीमा गर्नुको उदेश्य पुरा हुने गरी वीमा गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>(ख)सार्बजनिक खरिद ऐन,२०६३ को दफा ५२क.  बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चान आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ। पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधार दिन सकिने । यसरी दिएको पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैक खाता मार्फत मात्र भुक्तानी हुने । आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरीसक्नु पर्ने र पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी उपलब्ध गराउनु पर्ने व्यवस्था छ । उक्त व्यबसायी रु.८२,००,०००।मोबिलाईजेसन पेश्की लिएको छ । यस सम्बन्धमा हालसम्म निर्माणस्थलमा कुनै निर्माण सामाग्री नलगेको र निर्माणसम्बन्धि कुनै काम शुरु नगरेको व्यहोरा जानकारी हुन आयो। सम्झौता अनुसार लिएको पेश्की उल्लिखित प्रकृया पुरा गरी सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैङ्क जमानत जफत हुने उल्लेख छ । यस्तो प्रकारले पेश्की दिने र पेश्की लिएर काम सुरु नै नगर्ने कार्य मनासिब देखिएन । यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बीजकवेगर भुक्तानी- पालिकाले निर्माण सम्झौता गरेका व्यबसायीले पी एस वापत भुक्तानी माग गर्दा सक्कल बिल बिजक पेश हुनु पर्दछ । लेखापरीक्षण गरिएका निम्न ठेक्कामा व्यबसायीले बिल पेश नगरेका तथा पेश गरेकोमा पनि सक्कल बिल बिजक पेश नभए पनि भुक्तानी दिएको देखिएको छ । सक्कल बिल बिजक बेगर भुक्तानी दिएको रकम अशुल हुनु पर्ने रु.
<table>
<tr><th>क्र स</th><th>काम</th><th>निर्माण व्यबसायी</th><th>पी एसबाट भुक्तानिको प्रयोजन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>राधाकृष्ण मन्दिरदेखि लठैया जोडने सडक निर्माणको भुक्तानी</td><td>जे बि निर्माण सेवा</td><td>बीमा,निर्माण क्रममा सुरक्षा,अनफरसिन कार्य</td><td>१,७४,६२०।</td></tr>
<tr><td>2.</td><td>बेलकोट महेन्द्र राजमार्गदेखि उत्तर सडकको भुक्तानी</td><td>जे बि निर्माण सेवा</td><td>बीमा, अनफरसिन कार्य</td><td>१,४९,३९८।</td></tr>
<tr><td>3.</td><td>लठुवा सडक वडा नं ८मा प्रिमिक्स कार्पेटिङ्ग</td><td>प्रेम बिल्डर्स प्रा लि</td><td>निर्माण क्रममा सुरक्षा,अनफरसिन कार्य</td><td>६५,०००।</td></tr>
<tr><td>4.</td><td>७ नं वडा स्वास्थ्य भबन निर्माण</td><td>बाराही अजिमा निर्माण सेवा</td><td>बीमा, एज बिल्ट ड्रइङ्ग</td><td>१,३०,०००।</td></tr>
<tr><td>5.</td><td>न पा भवन निर्माण</td><td>स्काइ एन एस के डी एन जे भी</td><td>वीमा,ल्याब टेष्ट र अन्य</td><td>३,०७,५००।</td></tr>
<tr><td>6.</td><td>कौवा खोला पुल (भालुफाँटा मैतुवा)</td><td>तेडि मणिलेक जे भी</td><td>वीमा,ल्याब टेष्ट र अन्य( सातौं र बि सम्मको )</td><td>३,९८,५२९।७२</td></tr>
<tr><td>7.</td><td>वडा नं ४ कार्यालय भबन निर्माण</td><td>निराजन कन्स्ट्रक्सन</td><td>बीमा, एज बिल्ट ड्रइङ्ग</td><td>१,४५,०००।</td></tr>
<tr><td>8.</td><td>वडा नं ५ कार्यालय भबन निर्माण</td><td>अन्जु निर्माण सेवा</td><td>बीमा, एज बिल्ट ड्रइङ्ग</td><td>१,४५,०००।</td></tr>
<tr><td>9.</td><td>वडा नं १२ कार्यालय भबन निर्माण</td><td>अन्जु निर्माण सेवा</td><td>बीमा, एज बिल्ट ड्रइङ्ग</td><td>१,४५,०००।</td></tr>
<tr><td>10.</td><td>वडा नं ७ कार्यालय भबन निर्माण</td><td>अन्जु निर्माण सेवा</td><td>बीमा, एज बिल्ट ड्रइङ्ग</td><td>१,४५,०००।</td></tr>
</table></td><td>१,८०५,०४७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | १८,०५,०४७।७२ |

४० **परामर्श सेवा खरिद-**

४०.१ कार्यालयले यस आर्थिक बर्षमा निम्न कार्यका लागि परामर्शदाता फर्मबाट परामर्शको काम सम्पन्न भएको जनाएको छ।

| क्रसं | कामको बिबरण | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|---|
| 1. | बिभिन्न पाँच नदीको IEE गर्ने कार्य | यात्रा इन्जिनियरिङ्ग सर्भिसेज | ६४८६२०। |
| 2. | सुक्ति खाडा खोला पूलको डि पि आर | मस्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी काठमाण्डौं | १२,४३,०००। |
| 3. | त्रिबेणी बजार पानी आपूर्ति योजनाको डी पी आर | दिनेश इन्जिनियरिङ्ग कन्सल्ट कैलाली | ४,९७,२००। |
| 4. | वडा कार्यालय र न पा भबनको आइ इ इ कार्यको अन्तिम भुक्तानी | Expert Points and Reserch Center Pvt Ltd | ९४२४२०। |
| 5. | १५ बेड क्षमताको अस्पतालको डी पी आर | गौरी एण्ड गायत्री कन्स्ट्रक्सन प्रा लि काठमाण्डौं | १२१८५९२। |
| 6. | डोडा खोला पूल आइ इ इ | रोयल कन्सल्टेन्टस् प्रा लि काठमाण्डौं | ११९६२७४। |
| 7. | कौवा र टवालानगर गाँउ जोडने गरी डोडा नदी पूलको डी पी आर | AP Engineering Design Solution Pvt Ltd , Lalitpur | १२४३०००। |
| 8. | ठकुरी टोल र चौधरी टोल जोडने पुलको डी पी आर | नेक्स / मक्स डियर जे भी काठमाण्डौं | ८८५३५५। |
| 9. | घोडाघोडी ताल परिसरमा मास्टर प्लानका लागि सम्भाव्यता अध्ययन | मक्स डियर इन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा लि | ८,७४,०४७। |
| | | जम्मा | ८७,४८,५०८। |

उक्त परामर्श सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

**क.** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। यस कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग गरी काम गराउन सकिने वा नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरी लागत अनुमानकै हाराहारीमा भुक्तानी दिने गरी बाहय परामर्शदातासँग खरिद सम्झौता गरी काम गराउदा कार्यालयलाई रु. ८७,४८,५०८। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने नसक्ने एकिन नगरी बाहय जनशक्ति प्रयोग गरिनु हुदैन।

**ख.** परामर्शसेवा लिइ प्रतिबेदन प्राप्त भए पछि कार्यालयको आबश्यकता अनुसार काम सम्पन्न भएको छ छैन जाँच गरी उपयुक्त देखिए प्राप्त प्रतिबेदन अभिलेखमा राख्नु पर्नेमा नराखेको क सं ७ र

| | | | | |
|---|---|---|---|---|
| | | | ८ मा उल्लेखित प्रतिबेदनमात्र स्टोरमा दाखिला गरेको, प्रस्ताब पेश गर्दा काममा खटिने सबै परामर्शदाताको योग्यता र अनुभब सहितको नामावली पेश गरेमा कामको बिश्वसनियता बढनेमा नाममात्र पनि पेश नगरेको अबस्था समेत रहेको, फिल्डमा काम गरेका परामर्शदाताले सर्बे चरणमा फिल्डमा काम गर्दाका बिभिन्न फोटोहरु पनि समाबेश गरी सर्बे प्रतिबेदन पेश गरेमा प्रतिबेदनको बिश्वसनियता बढनेमा कुनै पनि फोटोहरु पेश गरेको नदेखिएको प्रतिबेदन तयार गरे पछि प्रतिबेदनका व्यहोरा पालिकाका सम्बन्धित व्यक्तिहरु समक्ष प्रस्तुतीकरण कार्यक्रम आयोजना गर्नु पर्नेमा नगरेको अबस्था छ। यस्ता कार्यमा सुधार हुनु पर्दछ।<br>**ग.** महालेखा नियन्त्रक कार्यलयले प्रकाशन गरेको खर्च संकेत तथा वर्गीकरण र व्याख्या अनुसार खर्च संकेत ३११७२ ( पूँजीगत अनुसन्धान तथा परामर्श ) बाट सार्वजनिक निर्माण सँग सम्बन्धित (क) सम्भाव्यता अध्ययन खर्च (ख) सर्वेक्षण, डिजाइन, ड्रइङ्ग खर्च (ग) अन्वेषण उत्खनन र अनुसन्धानसम्बन्धी खर्च (घ) पुँजीगत निर्माणको लागतमा समावेश हुने प्राविधिक परामर्श सेवासम्बन्धी खर्च तथा अन्य पूँजीगत प्रकृतिका अध्ययन, अनुसन्धान तथा परामर्श खर्चहरू समावेश गर्ने गरी उल्लेख गरेको छ। तर माथि तालिकामा उल्लेखित क्र सं ४ र ८ का काम पूँजीगत अनुसन्धान तथा परामर्शबाट नगरी सार्बजनिक निर्माण शिर्षकबाट गरेको छ। तोकिएको शिर्षकबाहेक अन्यबाट शिर्षकबाट खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्दछ। | |
| ४०.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ ।तर यस पालिकाले सबै परामर्श सेवाको कार्य स्वीकार प्रतिबेदन तयार नगरी भुक्तानी दिने गरेको छ ।कार्य स्वीकार प्रतिबेदन तयार नगर्दा काम सम्पन्न गर्नुपर्ने समय र सम्पन्न गरेको समय, लागत अनुमान र भुक्तानीको अबस्था लगायतका सूचना एकिकृतरुपमा नदेखिने हुँदा तोकिए अनुसार कार्य स्वीकार प्रतिबेदन तयार गर्नु पर्दछ। | |
| ४०.३ | | | क्र सं ८ मा उल्लेखित परामर्श सेवाका लागि प्राबिधिक तथा आर्थिक प्रस्ताब माग गर्दा ४ बिभिन्न फर्मसँग छुट्टा छुट्टैमाग गरिएकोमा दुई प्रस्ताबदाताले संयुक्त प्रस्ताब बनाई पेश गरेको प्राबिधिक प्रस्ताब स्वीकार गरी सोही प्रस्ताबलाई प्राबिधिक र आर्थिकरुपमा उच्च अंक प्राप्त गरेको मानी सम्झौता गरी काम गराएको छ। छुट्टा छुट्टै प्रस्ताब माग गरेको लाई एउटै मानी मुल्याँकन गर्न मिल्ने स्पष्ट आधार देखिदैन। | |
| ४०.४ | | | सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार परामर्स सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड समाबेश गर्न मिल्दैन। तर क्र सं ८ मा उल्लेखित कामका लागि मक्स डियर इन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा लिलाई कुल लागत अनुमान रु.८,८२,६७७। तयार बिबिध खर्च बाहेक जनशक्तिको मात्र लागत रु,४,१४,०२६।को १५ प्रतिशत रु.६२,१०४।ओभरहेड गणना गरी भुक्तानी दिएकोले उक्त रकम अशुल हुनु पर्दछ। | ६२,१०४ |
| ४०.५ | | | घोडाघोडी ताल परिसरमा मास्टर प्लानका लागि सम्भाव्यता अध्ययनका लागि भनि मक्स डियर इन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा लि लाई रु.८७४०४७। भुक्तानी दिँदा परामर्श सम्बन्धि बजेट खर्च शिर्षकबाट नभएको, उक्त तालमा बिभिन्न निर्माण कार्य भई सकेको कतिपय निर्माण क्रममा रहेको देखिन्छ ।यसका अतिरिक्त उक्त तालको व्यबस्थापनका लागि छुट्टै समिति समेत गठन भई कार्यरत रहेको अबस्थामा उक्त समितिसँग समन्वय समेत नगरी र मास्टर प्लान बिगतमा तयार भए नभएको कुनै व्यहोरा नखुलाई आर्थिक बर्षको अन्त्य तिर परामर्श सेवा आबश्यक परेको भनि काम गराइ भुक्तानी दिने कार्य मनासिब देखिएन। यस्ता कार्य नियम सम्मत नदेखिएकोले नियन्त्रण हुनु पर्ने रु. | ८७४,०४७ |
| ४१ | | | **सेनीटरी प्याड खरिद-** उक्त सामान खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| ४१.१ | | | सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरणका लागि यस आ ब मा रु.८५,९६,०००। बजेट व्यबस्था भएकोमा १,६०,००० थान प्रति प्याडको रु.५०। (मु अ कर सहित) को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट प्रति थान रु.२६।१२(मु अ कर सहित) दरले कुल रु.४१,७९,६९६।भुक्तानी दिएर जय माता दी हाईजेनिक प्रोडक्ट प्रा लि घोराही दाङ्गबाट खरिद गरेको छ। स्यानीटरी प्याड ( बितरण तथा व्यबस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु | |

| | | | | |
|---|---|---|---|---|
| | | | पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन। कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ। | |
| ४१.२ | | | माथि उल्लेखित व्यहोरा अनुसार प्रति थान रु.२६।१२(मु अ कर सहित) दरले खरिद गर्न सकिने सबै प्रकृया २०७७ माघमानै सम्पन्न गरी २०७७।११।५ मा सम्झौता भएको देखिन्छ। उक्त सम्झौतामा तोकिएको मुल्यमानै परीमाण थपघट गर्न सकिने व्यबस्था रहेको अबस्थामा स्वास्थ्यतर्फको कार्यक्रम र शशर्त चालूबाट निम्न अनुसार मुल्यमा सोझै खरिद गरेको देखिन्छ।यसरी खरिद गर्दा पालिकालाई निम्न अनुसार बढी व्ययभार परेको देखिएकोले खरिद कार्य मनासिब देखिएन। यस्ता कार्य आईन्दा नहुने सुनिश्चितता सहित नियन्त्रण हुनुपर्ने रु. | ४३६,२१२ |

| गो भौ। मिति | भुक्तानी पाउने | खरिद संख्या | प्रति इकाई दर रु | कुल भुक्तानी रु | बोलपत्रको दरभन्दा बढी भुक्तानी रु |
|---|---|---|---|---|---|
| २५२।०७८।३।२४ शशर्त चालू | शिभम सर्जिमेड एण्ड सप्लायर्स | १०७९२ | ४६।३३ | ४९९९९३। | २,१८,१०६।- |
| २४।०७७।११।१२ स्वास्थ्य चालू | न्यू सि आर इन्टरप्राइजेज | १०७९२ | ४६।३३ | ४९९९९३। | २,१८,१०६।- |
| | जम्मा | | | | ४,३६,२१२।- |

| | | | | |
|---|---|---|---|---|
| ४२ | | | **ह्यूमपाइप खरिद-** पालिकाले बिभिन्न निर्माण कार्य उपभोक्ता समिति वा निर्माण व्यबसायीमार्फत काम गराउँदा ह्युम पाइपसम्बन्धि काम भए उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट नै गराउने र त्यसको नाप जाँच सहितको मुल्याँङ्कन गरी भुक्तानी दिने गरेको देखिन्छ।उल्लेखित व्यहोरा अनुसार काम गराए पनि तल तालिकाम उल्लेखित २५२ थान ह्युम पाइप खरिद गरी प्रयोजन नखुलाई बिभिन्न व्यक्तिलाई भर्पाइ गरी बितरण गरेको देखिन्छ। बितरित ह्युम पाइप कुन प्रयोजनमा कहाँ प्रयोग भए नाप जाँच र मुल्याङ्कन गरेको देखिदैन।त्यस्तै बितरण गर्दा के कस्ता मापदण्डका आधारमा वितरण गरिने हो खुलाएको छैन। मापदण्ड बेगर तथा नाप जाँच बेगर ह्युम पाइप बितरण गर्ने कार्य मनासिब देखिदैन। आगामी बर्ष यस प्रकारले काम नहुने सुनिश्चितता सहित तपरिल बमोजिमको ह्युमपाईप प्रयोग भएको नापी किताव समेत पेश हुनुपर्ने रु. | ५,९०२,४३० |

| क्र सं | गो भौ। मिति | खरिद प्रकृया | कार्यक्रम | भुक्तानी पाउने | बिभिन्न साइजका ह्युम पाइपको संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | २२६।०७७।१२।२६ | सोझै | नगरपालिका पूँजिगत | बर्दगोरिया ह्युम पाइप एण्ड कंक्रिट उद्योग | १६ | २,८४,५२५।५३ |
| २ | ३२०।०७८।३।७ | सोझै | नगरपालिका पूँजिगत | मल्लिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | २४ | ४,९८,९१३।०८ |
| ३ | ३२१।०७८।३।७ | सोझै | नगरपालिका पूँजिगत | मालिकार्जुन कंक्रिट उद्योग | २० | २,८०,८२१।९५ |
| ४ | बिभिन्न | बोलपत्र | बिभिन्न | बर्दगोरिया ह्युम पाइप एण्ड कंक्रिट उद्योग | १९२ | ४८,३८,१६९।५८ |
| | | | | जम्मा | २५२ | ५९,०२,४३०।१४ |

<table>
<tr><td>४३</td><td></td><td></td><td>

**अक्सिजन सिलिण्डर खरिद-** नगरपालिकाको पूँजिगत कार्यक्रम (३३०/०७८।३।८) बाट निम्न अनुसार सामान खरिद गरेको देखिन्छ।

<table>
<tr><td>क्र सं</td><td>सामानको नाम</td><td>भुक्तानी पाउने</td><td>भुक्तानी रकम रु.</td></tr>
<tr><td>१</td><td>४० थान अक्सिजन सिलिण्डर(फ्लो मिटर सहित) ४० लि क्षमता</td><td>इन्पेप्सन इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड मर्चेन्डाइजनर प्रा लि</td><td>९,८०,०००।</td></tr>
<tr><td>२</td><td>४० थान अक्सिजन सिलिण्डर(फ्लो मिटर सहित) ४० लि क्षमता</td><td>पि एस एम ट्रेड लिँक</td><td>९,८०,०००।</td></tr>
<tr><td>३</td><td>इ सी जी मेसिन (१२ च्यानल) १, हेमोग्लोबिन एनलाईजर १, सेमि अटोमेटेड बायोकेमेस्ट्री एनलाईजर १</td><td>आयुष सर्जिकम</td><td>९,९९,३७२।</td></tr>
<tr><td></td><td></td><td>जम्मा रु.</td><td>२९,५९,३७२।</td></tr>
</table>

उक्त सामान सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

**(क)** उक्त मुल्यका स्वास्थ्य सामाग्री खरिद गर्दा पालिकाको आबश्यकता अनुसार स्पेकिफिकेसन तोकी खरिद कार्य सम्पन्न भए पश्चात तोकिएको स्पेसिफिकेसन अनुसार छन भनि प्रमाणित गरि आम्दानी बाँध्नु पर्नेमा पालिकाको मुल जिन्सी खातामा आम्दानी नजनाई स्वास्थ्यतर्फको जिन्सी खातामा आम्दानी बाँधेको जानकारी हुन आयो। एकै कार्यालयमा दुई खाता राख्ने र कुनै स्पेसिफिकेसन नतोकी आपूर्तकले पेश गरेको सामानलाई नै मनासिब ठानी आम्दानी बाँधी भुक्तानी दिने कार्य मनासिब देखिएन। यस्ता प्रकृयामा सुधार हुनु पर्दछ।

**(ख)** उक्त तालिकामा उल्लेखित ८० थान अक्सिजन सिलिण्डरका अतिरिक्त ४० लिटर क्षमताका वर्ड भिजन ईन्टरनेशन नेपालले दिएका ५ थान र १० लिटर क्षमताका १५ थान सहित कुल १०० थान सिलिण्डर रहेकोमा सानो १५ र ठुलो २७ सहित कुल ४२ थान अक्सिजन खाली र ५८ थान भरिएको अबस्थामा रहेको भनाई पालिकाको रहे पनि प्रयोग बिहिन अबस्थामा अस्थाई कोभिड आइसोलेसन वार्डमा रहेको जानकारी हुन आयो।उक्त सिलिण्डर पालिकाले अब संचालनमा आउने अस्पतालमा प्रयोग गरिने भनाई पालिकाको रहेको छ।

</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>

**सक्कल बीजक पेश नभएको-** गो.भौ. नं. ४५।०७७।६।१६ बाट वातावरणिय सरसफाई सचेतना जागरणकालागि एड सर्कल प्रा लि (३०२४८३८८८) लाई सक्कल मु अ कर बिजक बेगर रु.३,८९,८५०। भुक्तानी दिएकोले फोटोकपी कर बिजकबाट भुक्तानी दिएको मु अ कर रु.४४,८५०।सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको वा हिसाब मिलान गरेको प्रमाण सहित सक्कल कर बिजक पेश हुनु पर्दछ।

</td><td>३८९,८५०</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>

**औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर विक्रि मूल्य सूची राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेको र त्यस्तो उत्पादनकले स्थानीय डिलरलाई दिए सरहको छुट दिने गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद नहुने व्यवस्था छ। पालिकाले यस बर्ष औषधिजन्य सामाग्रि र औषधि खरिद गरेकोमा केही उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेका प्रमाणका आधारमा तथा केही सोझै गरी बार्षिक रु.६५५८९६३। को खरिद गरेको देखियो। नियममा तोकेको सिमा भन्दा बढीको औषधिजन्य

</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सामाग्री तथा औषधि खरिद गरेकोमा स्थानीय डिलरलाई दिने सरहको मूल्यमा दिए नदिएको एकिन हुन सकेन। आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई जाँच गर्नुपर्ने, उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्नु पर्नेमा सो अनुसार गरेको प्रमाण राखेको देखिएन। यस्तो अवस्थामा पालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्पेशीफिकेशन अनुसार भएको छ भनि यकिन गर्न सकिएन। यसका अतिरिक्त बार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी अद्यावधिक अभिलेख राखी वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>नगदी रसिदको विवरणः महालेखा नियन्त्रक कार्यालयले आन्तरिक नियन्त्रण प्रयोजनका लागि बिभिन्न फारामहरुका अतिरिक्त रसिद नियन्त्रण खाता,९०४ को पनि व्यबस्था गरेको छ। यस पालिकाले नगदी नियन्त्रण खाता राखेको पाइएन। लेखापरीक्षण क्रममा रसिद नियन्त्रण खाता सहित प्रयोग गरेका नगदी रसिद माग गर्दा पेश भएन। यस्तो अबस्थामा नगदी रसिद यथार्थरुपमा नगरपालिकाकै काममा प्रयोग गरी प्राप्त आय सम्बन्धित खातामा समयमै दाखिला गरेको छ भनि बिश्वस्त हुने अबस्था छैन। यस्तो प्रकृयामा सुधार हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको- ५/०७७/११/२३ ( जि बि स पुँजिगत ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ।पालिकले जि बि स पुँजिगत कार्यक्रमबाट बुलबुले बहुमुखी क्याम्पसको भबन निर्माण कार्यका लागि बुलबुले बहुमुखी क्याम्पस निर्माण उपभोक्ता समितिसँग कुल रु.३९,९३,४४८।८३ भुक्तानी दिने गरी सम्झौता गरेकोमा उक्त समितिले यस पालिकामा भुक्तानीका बिल पेश गर्दा जे बि निर्माण सेवाबाट(६०४१६६९८२) काम गराएको भनि उक्त व्यवसायीको कर बिजक पेश गरेको आधारमा गत बर्ष रु.२१,००,०००। र यस आ ब मा रु.८,९९,६९८। समेत कुल रु.२९,९९,६९८।६८ भुक्तानी दिएकोले निर्माण व्यावसायी मार्फत सवकन्ट्याकमा काम गराएको देखियो।नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने कार्य मनासिब नदेखिएको रु.</td><td>२,९९९,६९९</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>प्रतिवेदन तयार- बिउ श्रोत केन्द्र स्थापना कार्यक्रमका लागि यस पालिकाबाट रु.१३,५४,५७५।प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना बाट रु.२९,८८,४९६। र जिविका कृषि सहकारी संस्था लिमिटेडबाट रु.६८७,९९९। लागत सहभागिता हुने गरी सम्झौता भएकोमा काम सम्पन्न भए पश्चात सबैको लागत सहभागिता देखिने गरी कार्य स्वीकार/कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्नेमा यस पालिकाको लागतमात्र देखाइ यस पालिकाबाट जिविका कृषि सहकारी संस्था लिमिटेडलाई रु. १३,५४,५७५। भुक्तानी दिएको देखियो। कार्य स्वीकार/कार्य सम्पन्न प्रतिबेदन तयार गर्दा सबै लागत सहभागिता देखिने गरी एकिकृतरुपमा तयार गर्ने व्यबस्था हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>उपभोक्ता समितिलाई भुक्तानी- यस पालिकाले नरम प्रकारको क्ले र सिल्ट माटोमा सबै किसिमको खन्ने काम १० मिटरसम्म बोकानी डिष्पोजल र १.५ मिटरसम्म लिफ्टका लागि मानिस प्रयोग गरी भुक्तानी दिएको मा मेशिनबाट गणना गर्दा निम्न अनुसार भुक्तानी भएको देखिन्छ।
<table>
<tr><td>क्र सं</td><td>गौ भौ मिति</td><td>कार्यक्रम</td><td>उपभोक्ताको नाम र काम</td><td>परिमाण घ मी मा</td><td>रु७०। का दरले हुने रकम</td><td>रु४१८।१८ ले हुने रकम रु.</td><td>बढी भुक्तानी रु.</td></tr>
<tr><td>१</td><td>४३६।०७८।३।३०</td><td>नगरपालिका पुँजिगत</td><td>वडा कार्यालय र कमलफाँटा जोडने कल्भर्ट निर्माण</td><td>१११.४१</td><td>७७९९</td><td>४६५८९</td><td>३८७९०</td></tr>
</table></td><td>६६८,१८१</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ३०।०७८।३।२४ | स्थानीय पूर्बाधार बिकास साझेदारी | वडा नं १ र ८ जोडने कल्भर्ट निर्माण | १९०.२१ | १३३१५ | ७९५४२ | ६६२२७ |
| ३ | ४०।०७८।३।२९ | स्थानीय पूर्बाधार बिकास साझेदारी | फागुराम चौधरीको घर नजिकको नालामा कल्भर्ट निर्माण | १५५.६५ | १०८९६ | ६४५०० | ५३६०४ |
| ४ | ३३।०७८।३।२३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | सुखड दराख खानेपानी भूमिगत ट्याङ्क पाइप लाईन जडान | ५९४.५७ | ४१६२० | २४८६३७ | २०७०१७ |
| ५ | ३४।०७८।३।२३(रु५३५।६०ले भुक्तानी दिएको) | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | उत्तरपुर टोल खानेपानी बिद्युत जडान तथा पाइप लाइन बिस्तार | ६४९.८६ | ४५४९० | ३४८०३३ | ३०२५४३ |
| | | | | | | | ६६८१८१ |

नरम प्रकारको क्ले र सिल्ट माटोमा सबै किसिमको खन्ने काम १० मिटरसम्म बोकानी डिष्पोजल र १.५ मिटरसम्म लिफ्टसमेतका लागि रु.७०।प्रति घनमिटरले भुक्तानी दिने गरेको छ।क्र सं ५ मा उल्लेखित काम जे सी बी प्रयोग गरी खनाईसमेतका काम गरेको भनि न्यू कुमारी कन्स्ट्रक्सन(६०५१९४३१७) को मु अ कर बिजक नं १९ लिई रु.२,८५,९९९।९९ भुक्तानी दिएको भनि उपभोक्ता समितिबाट बिल पेश भए पनि मानिसबाट काम गराएको आधार मानी भुक्तानी दिएको। क्र सं १ को वडा कार्यालय र कमलफाँटा जोडने कल्भर्ट निर्माणगर्ने कार्यका लागि बौखहा कन्स्ट्रक्सन प्रा लि(६०३८३९५१४) को बिजक नं ११ अनुसार कल्भर्टको फाउन्डेसन वापत भुक्तानी गरेकोले एक्साभेटर प्रयोग मान्नु पर्ने देखिएको।क्र सं ३ को फागुराम चौधरीको घर नजिकको नालामा कल्भर्ट निर्माण गर्दा एक्साभेटर प्रयोग गरेको देखिने फोटो सहित जी.जस.उद्धार कन्स्ट्रक्सनलाई जग खने बापत भनि भुक्तानी दिएको कर बिजक पेश भएको देखिएकोले उल्लेखित कामहरु मानिसबाट काम गरेको भन्न अबस्था रहेकोले मेसिनका आधारमा गणना गर्दा हुने रकमभन्दा बढी भुक्तानी दिएको रकम मनासिब नदेखिएकोले अशुल हुनु पर्दछ।

५०

**पुरानो सुखड बजार ढल निकास-**

५०.१

पुरानो सुखड बजारमा ढल निकासको काम गर्न पालिकाबाट रु.६७,९०,०००।भुक्तानी दिने, उपभोक्ता समितिबाट रु.२९,८८,१८१।७३ र कन्टिन्जेन्सी बापत रु.२,१०,०००। खर्च पालिकाबाट खर्च गर्ने गरी कुल रु.९९,८८,१८१।८३ को लागत अनुमानमा २०७६।३।३० सम्ममा काम सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग २०७५।११।२१ मा सम्झौता भएको देखिन्छ। उक्त सम्झौता सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।

**(क)**उक्त कार्यका लागि पालिकाले रु.४९,३६,२७६।को काम भएकोमध्ये रु.२३,१०,०००। पेश्की कट्टा गरी रु.२६,२६,२७६।(कर समेत) बराबरको कामका लागि पालिकाबाट

| | | | | |
|---|---|---|---|---|
| | | | २०७६।१।२१ मा भुक्तानी भइ सकेको छ ।यस आ ब मा थप रु.४३,९३,५२०।५३ को काम भएको भनि कर कट्टा गरी रु.४३,४१,४८१।भुक्तानी दिएको छ ।दुइ आ ब मा गरी उपभोक्ता समितिलाई कुल रु.९२,७७,७५७। भुक्तानी दिएकोमध्ये उपभोक्ता समितिको तर्फबाट नारायण ओली र ध्रुब गौतमको नामबाट २०७५।११।२२ मा पालिकाको संचित कोषमा दाखिला भएको रकम रु.२९,९८,१८२। र पालिकाको श्रोतबाट कुल रु.६२,७९,५७५।व्यहोरिएको भनाई पालिकाको रहे पनि सो व्यहोरा कार्य स्वीकार प्रतिबेदन लगायतका भुक्तानीका लागि पेश भएका कागजातबाट खुलेको देखिदैन ।दुई आर्थिक बर्ष अगाडि अर्थात २०७५।७६ मा सम्पन्न गर्नु पर्ने काम २०७७।७८ को कार्यक्रमबाट तोकिएको समयमा काम सम्पन्न नगर्ने उपभोक्ता समितिलाई भुक्तानी दिनु पालिकाको कार्यक्रमसँग मेल खाने देखिएन।यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ ।<br><br>**(ख)**उपभोक्ता समितिले निर्माण कार्य गर्दा पेश गरेका सामान खरिदका बिल भर्पाई परीक्षण गर्दा ह्युमपाइप बाहेक अन्य सामान मु अ करमा दर्ता भएका व्यबसायीबाट खरिद गरेका बिल भर्पाई पेश गर्नु पर्नेमा (रु.६,२७,९३५।३५ को एउटै बिल समेत भएको) मु अ करमा दर्ता नभएका व्यबसायीबाट गरेको देखिन्छ । सम्झौता बिपरित मु अ करमा दर्ता नभएका व्यबसायीबाट खरिद गरेका बिल बिजक पेश हुनु मनासिब देखिदैन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| ५०.२ | | | नरम प्रकारको क्ले र सिल्ट माटोमा सबै किसिमको खन्ने काम १० मिटरसम्म बोकानी डिष्पोजल र १.५ मिटरसम्म लिफ्टका लागि यस पालिकाले यस आ ब मा मानिसबाट काम गर्दा प्रति घन मिटर रु.४१८।१८ र मेशिनबाट काम गर्दा रु.७०। का दरले गणना गर्ने गरेको छ । पालिकाले उक्त कामका लागि प्रति घन मिटर रु.१७५।७०(ओभरहेडबाहेक) का दरले १४५८।११ घनमिटरको रु.२,५६,१८९।९३ गणना गरेको छ । मेशिन प्रयोग गरी खन्ने काम लाई रु.७०। का दरले गणना गर्दा कुल रु.१.५४,१२२।२२ बढी गणना भइ भुक्तानी भएको देखिन्छ । कुल भुक्तानी खर्च रु.९३,२९,७९६।७१ (कार्य सम्पन्न प्रतिबेदन अनुसार) मध्ये पालिकाबाट रु.६२,७९,५७५।अर्थात ६७ प्रतिशत व्यहोरेको आधारमा रु.१,०३,२६२। बढी रकम भुक्तानी दिएको अबस्था देखियो । यस सम्बन्धमा पालिकाबाट यथार्थता एकिन गरी प्रमाण पेश हुनु पर्दछ । | १०३,२६२ |
| ५१ | | | **सामाजिक सुरक्षा भत्ता**ः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस बैंक मार्फत रु. वितरण गरेको छ । बैंकबाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैंकमा पठाएको र बैकले सो रकम फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन । वडा नं.१ र ४ को सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु.४९८२१४४८। बैकलाई पेश्की दिएकोमा हाल सम्म सोको विवरण पेश नगरेको र नगरपालिकाले पटक पटक पत्राचार गर्दा पनि बैंकले सो विवरण नदिएकोले उक्त रकमको अवस्था एकिन हुन सकेको छैन । उक्त रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरी बचत रकम फिर्ता गरेको प्रमाण पेश हुनुपर्दछ । | ४९,८२१,४४८ |
| ५२ | | | **सुचना प्रकाशन**ः गोरखापत्र संस्थानले गोरखापत्रमा सुचना प्रकाशनको लागि संस्थागत विज्ञापनमा २५ प्रतिशत सम्मको छुट दिने गरी २०७६।४।३० देखि लागु हुने गरी बार्षिक सूचना प्रकाशन गरेको छ । नगरपालिकाले विभिन्न मितिमा देहायका विज्ञापन एजेन्सीलाई सुचना प्रकाशनको लागि भुक्तानी गरेकोमा गोरखापत्र संस्थानले तोकेको संस्थागत छुट लिएको नदेखिएकोले कम छुट दिने विज्ञापन एजेन्सीबाट असुल गर्नुपर्ने रु. | ९२,१५१ |

| गो.भौ./मिति | विज्ञापन एजेन्सि | सूचना प्रकाशित पत्रिका | भुक्तानी रकम | लिएको छुट | पाउनु पर्ने छुट | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १०।०७७।६।१ चालु | अनुमोदन विज्ञापन सेवा ३०३७७१०१६ | गोरखापत्र राष्ट्रिय दैनिक | ३३४६६३ | १५५८८ | ७७९३८ | ७०४५५ |
| ३७१।०७७।१२।३ चालु | निश्चल मिडिया प्रालि | गोरखापत्र राष्ट्रिय दैनिक | १०३०५६ | ४८०० | २४००० | २१६९६ |
| जम्मा | | | | | | ९२१५१ |

५३ **सवारी लकबुक**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ ले कारोवारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोमिमको ढाँचामा राख्नुपर्ने तथा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७५ को परिच्छेद ७ को ७.१.१६ अनुसारको सिमामा रहि ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले ईन्धनमा गरेको खर्चमा म.ले.प फाराम नं. ९०५ को ढाँचामा सवारी लकबुक तथा नियमानुसार कुन कर्मचारीलाई कति खर्च र सिमा भित्र रहि लकबुक खाता प्रमाणित गरी खर्च गर्नुपर्नेमा सो वेगर पालिकाले एक मुष्ट पेट्रोल पम्पहरुको विलको आधारमा भुक्तानी गरेकोले नियमको पालनामा ध्यान दिनुपर्दछ।

५४ **कार्यालय सामान तथा मसलन्द खरिद**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एक फर्मबाट एक पटक रु.५ लाखको सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ। नगरपालिकाले यो वर्ष चालु खर्च शीर्षकबाट कार्यालय सामाग्रि तथा मसलन्दमा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै कोटेशनबाट रु.६२,९५,४५६। खर्च गरेको देखियो। पालिकाले बार्षिक खरिद योजना वनाई सोहि योजना अनुसार प्रकृया अपनाई खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५५ **बढी भुक्तानी**: अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.३ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारीश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रु.७००। र कार्यपत्र वापत रु.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने र कार्यपत्रको मात्र पारिश्रमिक पाउने उल्लेख छ। यस पालिकाबाट सञ्चालन भएको विभिन्न तालिममा देहाय अनुसार निर्देशिका विपरित खर्च गरेको देखियो। यस्तो कार्यमा कार्यक्रम सञ्चालकले निर्देशिकाको पूर्ण पालना गर्नुपर्ने देखिन्छ।

| गो.भौ./मिति | कार्यक्रम | प्रशिक्षक | सेसन | पाउने दर | भुक्तानी दर | बढी दर | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५५६।०७८।३।२८ | व्यवसाय दर्ता प्रणालिलाई अनलाईन प्राणालीमा आबद्ध गर्नको लागि कर्मचारीलाई २ दिने तालिम | सुचना प्रविधि अधिकृत राम प्रसाद चौधरी | ४ | ८०० | ३००० | २२०० | ७४८० | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४८३।०७८।३।१</td><td>मेलमिलापकर्ता लाई क्षमता विकास तालिम</td><td>पुष्प विक्रम शाही</td><td>२८</td><td>१५००</td><td>३०००</td><td>१५००</td><td>३५७००</td><td>भ्रमण खर्च भुक्तानी भएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>४३१८०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td>५१२</td><td>२०७८-३-१५</td><td>मूल्य अभिबृद्धि करः मुल्य अभिबृद्धि कर ऐन,२०५२ दफा १५ अनुसार दर्ता नभएको व्यक्तिले कर उठाउन नपाउने व्यवस्था छ । नगरपालिकाले विभिन्न समयमा सुचना प्रशारण गरेको रेडियो कैलाली एफ.एम.लाई रु.५५७६६५।(मुल्य अभिबृद्धि कर) भुक्तानी गरेकोमा रेडियो कैलालीले निश्चल मिडिया प्रालिको विजक पेश गरी मुल्य अभिबृद्धि कर सहित भुक्तानी लगेकोको देखियो । उक्ता प्रालिको स्थायीलेखा नम्बर आन्तरिक राजस्व कार्यालयमा २०७८।११।२७ मा पान सर्च गर्दा थप व्यवसाय दर्ता भएको नदेखिएकोले ऐन अनुसार दर्ता नभएको संस्था वा व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नपाउने देखिएकोले भक्तानी भएको मुल्य अभिबृद्धि कर रु.६४१५६।मा मूल्य अभिबृद्धि कर ऐन,२०५२ अनुसार लाग्ने थप दस्तुर जरिवाना र व्याज समेत गणना गरी असुल गरेको भौचर सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालयको पत्र पेश हुनु पर्दछ रु.</td><td>६४,१५६</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>भ्रमण खर्चः भ्रमण खर्च भ्रमण खर्च नियामवली,२०६४ को नियम ४(१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलोबाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नु पर्ने उल्लेख छ । नगर प्रमुख श्री ममता प्रसाद चौधरीलाई विभिन्न समयमा काठमाडौँ कार्यालयको कामको सिलसिलामा गएको भ्रमण खर्च भुक्तानी भएकोमा काठमाडौँ बसेको प्रति दिन ट्याक्सि भाडा वापत रु.३५००। का दरले देहायको रकम भुक्तानी लगेको देखियो । नगरपालिकाले भ्रमणमा खटिएको कर्मचारी वा पदाधिकारीलाई परिवहन खर्च नतोकेको अवस्थामा विल भर्पाई वेगर भ्रमण विलमा परिवहन खर्च भनि भुक्तानी भएको नगरपालिकाले नर्म्स तोकेर पालना गरी एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भ्रमण गरेको अवधि र स्थान</th><th>भ्रमण खर्च</th><th>परिवहन खर्च</th></tr>
<tr><td>३३४।२०७७।११।५</td><td>२०७७।१०।२० देखि २०७७।१०।२७ सम्म काठमाडौँ</td><td>४०००५</td><td>२१०००</td></tr>
<tr><td></td><td>२०७७।१०।५ देखि २०७७।१०।१२ सम्म काठमाडौँ</td><td>४१३५०</td><td>२१०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>प्रकाशित दरभन्दा बढीमा भुक्तानीः- आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९. (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ । यस पालिकाले तल तालिकामा उल्लेख भएको कामको लागि निश्चल मिडीया प्रालि (पान नं ६००१९३८१४) लाई विज्ञापन उपलव्ध गराई निजले पेश गरेको बिलको आधारमा भुक्तानी गरेको देखिन्छ । निजले बिल पेश गर्दा बिज्ञापन गरिएका पत्रिकाले सार्बजनिक गरेको दरका आधारमा भुक्तानी दिनु पर्नेमा प्रकाशित दरभन्दा बढी दर राखी पेश गरेको बिलको आधारमा भुक्तानी लिने दिने गरेको देखिएको छ । दर फरक पारी भुक्तानी दिने कार्य मनासिब देखिएन । यस पालिकाबाट उक्त प्रा लि लाई अन्य बिज्ञापन बापत भुक्तानी दिँदा यस्तै प्रकारले भुक्तानी दिए नदिएको छानबिन गरी बढी भुक्तानी दिएको रकममा सुद समेत गणना गरी अशुल गर्नु पर्दछ । रु.</td><td>३५०,२००</td></tr>
</table>

| सुचना प्रकाशन मिति | पत्रिका | बिषय | विलमा उल्लेख सिसि साईज | दर रु. | छुट पछीको दर रु. | प्रकासित सुचना अनुसार हुने रेट रु. | बढी दर रु. | बढी भुक्तानी भएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | २५।२०७७।६।६ नपा पुँजीगतबाट | | | | | | | |
| २०७७।२।२५ | सौर्य दैनिक | आसयको सुचना | ६५ | १५०० | १३५० | १२०० | १५० | ९७५०। |
| २०७७।१।२१ | सौर्य दैनिक | बोलपत्र आव्हान | १३५ | १५०० | १३५० | १२०० | १५० | २०२५०। |
| २०७७।३।२३ | सौर्य दैनिक | आसयको सुचना | ५० | १५०० | १३५० | १२०० | १५० | ७५००। |
| २०७७।२।२२ | सौर्य दैनिक | बोलपत्र आव्हान | १५० | १५०० | १३५० | १२०० | १५० | २२५००। |
| २०७७।२।२९ | सौर्य दैनिक | बोलपत्र आव्हान | १४० | १५०० | १३५० | १२०० | १५० | २१०००। |
| | ४२३।०७८।३।३० नपा पुँजीगतबाट | | | | | | | |
| २०७७।११।२४ | सौर्य दैनिक | सामानको आपूर्ति | १४० | १६०० | १४४० | १२०० | २४० | ३३६००। |
| २०७७।१२।२८ | सौर्य दैनिक | बोलपत्र आव्हान | ६५ | १६०० | १४४० | १२०० | २४० | १५६००। |
| २०७८।२।७ | सौर्य दैनिक | बोलपत्र आव्हान | १२० | १६०० | १४४० | १२०० | २४० | २८८००। |
| २०७८।३।१८ | सौर्य दैनिक | आसयको सुचना | ८० | १६०० | १४४० | १२०० | २४० | १९२००। |
| | ४१९।२०७८।१।१२ नपा चालुबाट | | | | | | | |
| २०७७।१२।२ | सौर्य दैनिक | आसयको सुचना | ६५ | १६०० | १४४० | १२०० | २४० | १५६००। |
| २०७७।१०।२१ | सौर्य दैनिक | आसयको सुचना | १४० | १६०० | १४४० | १२०० | २४० | ३३६००। |
| २०७७।१०।१४ | सौर्य दैनिक | आसयको सुचना | १४० | १६०० | १४४० | १२०० | २४० | ३३६००। |
| | ५६७।०७८।३।२९ नपा चालुबाट | | | | | | | |
| २०७७।१२।२९ | सौर्य दैनिक | आसयको सुचना | १८० | १६०० | १४४० | १२०० | २४० | ४३२००। |
| २०७७।९।२८ | नागरिक दैनिक | बोलपत्र आव्हान | ९० | १६०० | १४४० | १४०० | २०० | १८०००। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७७\|७\|४ | नागरिक दैनिक | आसयको सुचना | १४० | १६०० | १४४० | १४०० | २०० | २८०००\| |
| | | | | | | जम्मा | | ३५०२००\| |

५९

**नाप फरक पारी भुक्तानी**ः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९. (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ । यस पालिकाले तल तालिकामा उल्लेख भएको कामको लागि निश्चल मिडीया प्रा लि (पान नं ६००१९३८१४) लाई विज्ञापन उपलव्ध गराई निजले पेश गरेको बिलको आधारमा भुक्तानी गरेको देखिन्छ । निजले बिल पेश गर्दा प्रकाशित बिज्ञापन साइजको आधारमा भुक्तानी दिनु पर्नेमा नाप बढाएर भुक्तानी लिने दिने गरेको देखिएकोले नाप फरक पारी भुक्तानी दिने कार्य मनासिब देखिएन । यस पालिकाबाट उक्त प्रा लि लाई अन्य बिज्ञापन बापत भुक्तानी दिँदा यस्तै प्रकारले भुक्तानी दिए नदिएको छानबिन गरी बढी भुक्तानी दिएको रकममा सुद समेत गणना गरी अशुल गर्नु पर्दछ । रु.

१,३४४,९४९

| सुचना प्रकाशन मिति | पत्रिका | बिषय | साईज तेस्रो र ठाडो सी एममा | हुने सिसि | विलमा उल्लेखित सिसि साईज | बढी सि सि साईज | दर रु | १० प्रतिशत छुट पछि कायम दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | २५\|२०७७\|६\|६ नगरपालिका पूँजिगतबाट | | | | | | | | |
| २०७७\|२\|२५ | सौर्य दैनिक | आसयको सुचना | १२\|१२ | 48 | ६५ | १७ | १५०० | १३५० | २५९३४\| |
| २०७७\|३\|२ | अनुमोदन दैनिक | दरभाउ पत्र स्वीकृति | १२\|१४ | ४२ | ७५ | ३३ | १००० | ९०० | ३३५६१\| |
| २०७७\|१\|२१ | सौर्य दैनिक | बोलपत्र आव्हान | १६\|२० | ८० | १३५ | ५५ | १५०० | १३५० | ८३९०३\| |
| २०७७\|२\|२६ | अन्नपूर्ण पोष्ट | आसयको सुचना | १२\|१० | ३० | ६० | ३० | १६०० | १४४० | ४८८१६\| |
| २०७७\|३\|२३ | सौर्य दैनिक | आसयको सुचना | १६\|१० | ४० | ५० | १० | १५०० | १३५० | १५२५५\| |
| २०७७\|२\|२२ | सौर्य दैनिक | बोलपत्र आव्हान | १६\|२४ | ९६ | १५० | ५४ | १५०० | १३५० | ८२३७७\| |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७७।२।२९ | सौर्य दैनिक | बोलपत्र आव्हान | १६।१८ | ७२ | १४० | ६८ | १५०० | १३५० | १०३७३४। |
| | ४२३।०७८।३।३० नगरपालिका पूँजिगतबाट | | | | | | | | |
| २०७७।११।२४ | सौर्य दैनिक | सामानको आपूर्ति | १६।२४ | ९६ | १४० | ४४ | १६०० | १४४० | ७१५९७। |
| २०७७।१२।२८ | सौर्य दैनिक | बोलपत्र आव्हान | १६।१२ | ४८ | ६५ | १७ | १६०० | १४४० | २७६६२। |
| २०७८।२।७ | सौर्य दैनिक | बोलपत्र आव्हान | १६।१६ | ४८ | १२० | ७२ | १६०० | १४४० | ११७१५८। |
| २०७८।३।१८ | सौर्य दैनिक | आसयको सुचना | १६।१० | ४० | ८० | ४० | १६०० | १४४० | ६५०८८। |
| | ३७१।०७७।१२।३ नपा चालुबाट | | | | | | | | |
| २०७७।५।१३ | गोरखापत्र दैनिक | बोलपत्र आव्हान | १२।१० | ३० | ६० | ३० | १६०० | १५२० | ५१५२८। |
| २०७७।९।२८ | नागरिक दैनिक | बोलपत्र आव्हान | १६।९ | ३६ | ९० | ५४ | १६०० | १४४० | ८७८६९। |
| २०७७।७।४ | नागरिक दैनिक | आसयको सुचना | १६।२३ | ९२ | १४० | ४८ | १६०० | १४४० | ७८१०६। |
| २०७७।९।१६ | अनुमोदन दैनिक | सिलबन्दी दरभाउ | १२।१६ | ४८ | १२० | ७२ | १००० | ९०० | ७३२२४। |
| | ४१९।२०७८।१।१२ नपा चालुबाट | | | | | | | | |
| २०७७।१२ | सौर्य दैनिक | आसयको सुचना | १२।१२ | ३६ | ६५ | २९ | १६०० | १४४० | ४७१८९। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| \|२ | | | | | | | | | |
| २०७७\|१० \|२१ | सौर्य दैनिक | आसयको सुचना | १६\|२१ | ८४ | १४० | ५६ | १६०० | १४४० | ९११२३\| |
| २०७७\|१० \|१४ | सौर्य दैनिक | आसयको सुचना | १६\|२० | ८० | १४० | ६० | १६०० | १४४० | ९७६३२\| |
| | ५६७\|०७८\|३\|२९ नपा चालुबाट | | | | | | | | |
| २०७७\|१२ \|२९ | सौर्य दैनिक | आसयको सुचना | १६\|२३ | ९२ | १८० | ८८ | १६०० | १४४० | १४३१९४\| |
| जम्मा | | | | | | | | | १३४४९४९\| |

६०

**पदाधिकारी सुविधाः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली,२०७७ को ३९. (१) अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्नेछ ।तर पूँजीगत बजेट निर्माण सुधार प्रयोजनका लागि व्यबस्था गरेको बजेट शिर्षक भए पनि पालिकाका पदाधिकारीको सुबिधा बापत निम्न अनुसार खर्च गरेको देखिन्छ। बजेट सिद्धान्त र पालिकाको स्वीकृत बजेट तथा कार्यक्रम बिपरित यस्ता कार्यले आर्थिक अनुसाशन कायम राख्न नसक्ने हुँदा यस्ता कार्य तत्काल बन्द हुनु पर्दछ।

| गो भौ/ मिति | सुबिधा प्रदान गरेको महिना | खर्च रकम रु. |
|---|---|---|
| १८६ \|२०७७\|११\|६ | २०७७ माघ महिनाको सुविधा | १०८३०००\| |
| २०४\|२०७७\|१२\|४ | २०७७ फागुन महिनाको सुविधा | १०८३०००\| |
| २१९\|२०७७\|१२\|२२ | २०७७ चैत्र महिनाको सुबिधा | १०८३०००\| |
| २६७\|२०७८\|१\|२६ | २०७८ बैशाख महिनाको सुबिधा | १०८३०००\| |
| ३१५\|२०७८\|३\|४ | २०७८ जेठ र असार महिनाको सुबिधा | २१६६०००\| |
| | जम्मा | ६४,९८,०००\| |

६१

**उपभोक्ता समितिलाई पेश्कीः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा पेश्की उपलव्ध गराउन सकिने भए पनि यस जिल्लाका अन्य

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>पालिकाले पेश्की नदिएर काम गराएकोले यस पालिकाले पेश्की नै दिएर काम गराउनुको स्पष्ट आधार प्रमाण खुलाएको छैन। पेश्की दिएर काम गराउँदा पालिकाले गराएको काममा कुनै प्रभाकारिता र गुणस्तर बृद्धि गरेको छ भन्ने अबस्था नभएकोले पेश्की दिएर काम गराउने कार्य नियन्त्रण हुनु पर्दछ। पेश्की दिएर काम गराएको नगरपालिका पूँजिगततर्फका केहि उदाहरण निम्न छन् :
<table>
<tr><td>गो भौ नं/मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>पेश्की रकम</td></tr>
<tr><td>९८।२०७७।७।२०</td><td>झाडी सफाई तथा तालमा माटो पटानी उ स वडा नं२</td><td>३३००००।</td></tr>
<tr><td>१०१।२०७७।७।२१</td><td>अस्थाई प्रहरी पोष्ट भान्सा शौचालय तथा प्रतिक्षालय निर्माण उ स वडा नं ७</td><td>३३००००।</td></tr>
<tr><td>१२७।०७७।८।११</td><td>सार्वजनिक शौचालय नि उ स वडा नं१</td><td>२३१०००।</td></tr>
<tr><td>२४९।०७८।१।१६</td><td>साडेपानी बजारमा शौचालय निर्माण उ स</td><td>३३००००।</td></tr>
<tr><td>२६०।०७८।१।२१</td><td>जरही शिविर सडक ग्राभेल उ स वडा नं १२</td><td>२४००००।</td></tr>
<tr><td>२६४।०७८।१।२६</td><td>जवलपुर कल्भर्ट निर्माण उ स वडा नं ११</td><td>२२५०००।</td></tr>
<tr><td>२६६।०७८।१।२६</td><td>तप्पा कल्भर्ट नि उ स वडा नं११</td><td>२२५०००।</td></tr>
<tr><td>२७६।०७८।१।२८</td><td>वडा कार्यालय र कमलफाँटा जोड्ने उ स वडा नं ९</td><td>६६००००।</td></tr>
<tr><td>२८२।०७८।२।६</td><td>शिवपुर नालाको कल्भर्टमा माटो फिलिङ र ग्राभेल उ स वडा नं १२</td><td>३५००००।</td></tr>
<tr><td>२९६।०७८।२।२७</td><td>गैडा खेडा नाकामा कल्भर्ट नि उ स वडा नं ४</td><td>२५००००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६२</td>
<td></td>
<td></td>
<td>स्थानीय बढुवा- स्थानीय तहहरुले कर्मचारीहरुको पदपूर्ति, बढुवा, स्तरबृद्धि गर्दा अर्थात प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ उपदफा ४ (क), (ख), ( ग) (ङ) र (च) मा उल्लेखित काम गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने, परामर्श नलिई गरेको भए ऐनको दफा ५५ बमोजिम आयोगले बदर गर्न सक्ने व्यवस्था उल्लेख छ। यस पालिकाको २०७६।५।२७ को नगर सभाबाट स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको ऐन, २०७७ जारी गरी श्रेणि विहिनदेखि अधिकृत सातौँ तहसम्मका कर्मचारीलाई पालिकाले तोकेको अवधि पुगेमा एक स्तर बढुवा दिने र अवधि नपुगेकालाई २ ग्रेड थप गर्ने गरी ५ जनाको स्तर बृद्धि तथा ग्रेड थप गरी तलव तथा ग्रेड भुक्तानी गरेको देखियो। उक्त कार्य प्रदेश लोक सेवा आयोग ऐन बिपरित भएको र सो सम्बन्धमा प्रदेश लोकसेवा आयोगलेसमेत ऐन विपरितका कार्य नगर्न नगराउन सवै स्थानीय तहहरुलाई परिपत्रसमेत गरेकोले यस पालिकाको पाँचौ नगर सभाको निर्णयबाट गरेको स्तर बृद्धि र ग्रेड थपको कार्य ऐन बमोजिम भएको देखिएन। कर्मचारीहरुको पदपूर्ति, बढुवा, स्तरबृद्धि गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले तोकेको प्रकृया पुरा गरेरमात्र गर्ने व्यवस्था हुनु पर्दछ।</td>
<td></td>
</tr>
<tr>
<td>६३</td>
<td></td>
<td></td>
<td>सुरक्षित नागरिक आवास: सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) बमोजिम कार्यालय प्रमुखले निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनुपर्दछ। कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत पहिलो किस्ता बापत १७५ जनालाई घर निर्माण बापत</td>
<td>३,१०१,७००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>रु.३१०१७००। रकम भुक्तानी गरेकोमा, कार्यसम्पन्न प्रतिवेदन एबम् बिल भर्पाई पेश नभएकोले निर्माण कार्यको बिल भर्पाई सहित कार्यसम्पादन प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>भुक्तानी दिन बाँकीको कच्चावारी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनि गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ स्पष्ट कानुनी व्यवस्था गरी भुक्तानी दिन वाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी दिने व्यबस्था हुनु पर्नेमा बैठक भत्ता, भ्रमण खर्च, बिज्ञापन तथा छपाई खर्च जस्ता कार्यका लागि समेत भुक्तानी दिन बाँकी भनि पालिकाका कार्यकारी प्रमुखबाटमात्र प्रमाणित गरेको बिभिन्न १३१ कार्यका लागि रु.३,५९,२७,६०८। लाई नगर सभाबाटसमेत अनुमोदन गरी भुक्तानी दिएको पाइयो।उक्त रकममध्ये के कति रकम भुक्तानी भयो स्पष्ट खुल्ने गरी अभिलेख राखेको देखिएन ।प्रचिलत कानुन बमोजिम कार्यकारी प्रमुखबाटमात्र प्रमाणित गरी भुक्तानी दिन पाउने देखिदैन ।यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>६५</td><td>४४७</td><td>२०७८-३-२०</td><td>पूँजीगतबाट भत्ता - चालु प्रकृतिका खर्च पुँजिगत शिर्षकबाट भुक्तानी दिन नमिल्नेमा कोभिड जोखिम व्यबस्थापन भत्ता भनि यस कार्यक्रमबाट रु.१,४६,००४|- भुक्तानी दिएको कार्य मनासिब देखिएन। यस्ता कार्य नदोहोरिने सुनिश्चितता सहित हुनु पर्ने रु.</td><td>१४६,००४</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>सुचना प्रशारणः</td><td></td></tr>
<tr><td>६६.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९ अनुसार खर्च गर्दा खर्च पुष्ट्याई गर्ने प्रमाण कागजातका आधारमा गर्नुपर्ने उल्लेख छ। नगरपालिकाका रेडियो कैलाली एफ.एम.१०३.७ मेघाहर्जबाट विभिन्न मितिमा सूचना प्रशारण गरेको भनि रेडियो कैलाली एफ.एम.को मुल्य अभिबृद्धि कर सहितको कर विजक जारी गरी रु.५५७६६५।भुक्तानी गरेकोमा सो सँग सम्बन्धित व्यहोरा निम्नानुसार छन।<br>रेडियो कार्यक्रमको लागि नगरपालिकाले देहायका सुचनाहरुमा भुक्तानी गरिने रकम खुलाई रेडियोलाई पत्र लेखेकोमा रेडियोले तोकेको भन्दा बढि रकमको दावि गरी पत्र लेखेको आधारमा भुक्तानी गरेकोले तोकेको भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु.
<table>
<tr><td>सुचना</td><td>नगरपालिकाले लेखेको पत्र</td><td>नगरपालिकाले तोकेको रकम</td><td>भुक्तानी भएको रकम</td><td>बढी रकम</td></tr>
<tr><td>रोजगार सेवा केन्द्रको सुचना</td><td>२०७७|४|७</td><td>३५००</td><td>३५००</td><td>०</td></tr>
<tr><td>सार्वजनिक सुनुवाई को प्रशारण</td><td>२०७७|४|१२</td><td>३०००</td><td>३०००</td><td>०</td></tr>
<tr><td>भूमि आयोग सम्बन्धि सुचना</td><td>२०७७|१०|१६</td><td>१००००</td><td>३००००</td><td>२००००</td></tr>
<tr><td>सहकारी शाखाको सुचना</td><td>२०७७|६|४</td><td>२०००</td><td>६०००</td><td>४०००</td></tr>
<tr><td>कृषि शाखाको सुचना</td><td>२०७७|५|२४</td><td>२५००</td><td>५०००</td><td>२५००</td></tr>
</table></td><td>४४,५००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सहकारी शाखाको सुचना</td><td>२०७७।५।२३</td><td>२०००</td><td>६०००</td><td>४०००</td></tr>
<tr><td>सडकको सिमाना खालि गर्ने सुचना</td><td>२०७७।४।११</td><td>५०००</td><td>१००००</td><td>५०००</td></tr>
<tr><td>घटना दर्ता सम्बन्धि सुचना</td><td>२०७७।१२।२४</td><td>३५००</td><td>१२५००</td><td>९०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३१५००</td><td>७६०००</td><td>४४५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>नगरपालिकाले उक्त रेडियोसँग कुनै पनि सम्झौता तथा पत्र वेगरको विभिन्न समयमा सुचना प्रशारण गरेको भनि रु.४१७५००। खर्च भुक्तानी गरेको देखिएकोले यस्तो काम गर्नु गराउनुले आर्थिक अनुशासन कायम गरेको भन्ने अवस्था नरहेकोले सम्झौता वेगर भएको भुक्तानी नियम सम्मत नदेखिएको रु</td><td>४१७,५००</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कार्यक्रम संशोधन वेगर खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा स्वीकृत कार्यक्रम वेगर खर्च गर्न नहुने उल्लेख छ। नगरपालिकाले शर्सत कार्यक्रम अन्तरगत लिटिल चोक देखि पिपलडाडा बेलार रिङरोड निर्माणको लागि रु.२ करोड ७२ लाख बजेट व्यवस्था भएको छ । नगरपालिकाले सो कामको लागि रु.२७१९९६७०। को लागत अनुमान गरेकोमा ई विडिङ मार्फत बोलपत्र माग गरेकोमा सवै भन्दा कम कबोल गरेको निर्माण व्यवसायी नारायण/रेखा जेभिसँग रु.१३८५९२५६। भुक्तानी दिने गरी २०७७।८।२५ मा सम्झौता भएको देखिन्छ । सम्झौता गर्दा लागत अनुमान रकम बचेको रकमबाट दोस्रो पटक पुनःसोही बाटोको थप कार्यको लागि ई विडिङ मार्फत बोलपत्र गरेकोमा सवै भन्दा कम कबोल गरेको निर्माण व्यवसायी मालिका निर्माण सेवा प्रालिसँग रु.१११३४०८४।७० को लागत अनुमानमा रु.६४९५२०७।३८ मा सम्झौता भएको देखियो । सो ठेक्काबाट बचेको रकमबाट पुनः तेस्रो पटक सोही रोडको लागि भनि रु.४५९३७६७।५२ लागत अनुमान तयार गरी ई विडिङ मार्फत बोलपत्र माग नगरी ठेक्का प्रकृया सुरु गर्दा सवै भन्दा कम कबोल गरेको निर्माण व्यवसायी जे.वि. निर्माण सेवासँग लागत अनुमानकै हाराहारी रु.४५२८९३९।०२ मा सम्झौता गरी खर्च गरेको देखियो । कार्यक्रम संशोधन वेगर बजेट बचत भएको भनि पटक पटक ठेक्का गर्दा समय अभावले गुणस्तरीय काम नहुने र आर्थिक अनुशासन पनि कायम हुने गरी काम भएको भन्ने अवस्था नरहे हुँदा यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ। लेखापरीक्षणको क्रममा प्राविधिक तथा कार्यालयका कर्मचारीसँग अनुगमन गर्दा कालोपत्रे सडक चर्केको तथा भासिएको देखिन्छ।सो सँग सम्बन्धित फोटोहरु देहाय अनुसार छन।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | |   | |
| ६८ | | | **बढी भुक्तानीः** | |
| ६८.१ | २८ | २०७७-<br>१०-२७ | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। जनज्योति मावि ४ कोठे भवन निर्माण उपभोक्ता समितिले रु.३९०२५९७.४८ मा कार्य सम्पन्न गरेकोमा उपभोक्ताले पेश गरेको विल भर्पाई परीक्षण गर्दा झ्यालको लागि ०.८१ घनमिटर र ढोकाको लागि ०.३७ घनमिटरको प्रति घनमिटर रु.२४४८९६ का दरले रु.२८८९७७.४ नापी विलमा राखेको छ। संलग्न फाँटवारीमा झ्याल र ढोकाको चौकोस न्यू नवदुर्गा कालिका सप्लायर्सबाट रु.१९३२३०। मा खरिद गरेको देखियो। उक्त झ्याल ढोका | ७१,१८२ |

| | | | | |
|---|---|---|---|---|
| | | | तयार गर्न समेत रु.२०००००। मात्र खर्च भएको देखिदा बढी खर्च लिएको रु.८८९७७। उपभोक्ता समितिको अशं कट्टा गरी रु.७११८२। असुल गर्नुपर्ने रु. | |
| ६८.२ | | | नगरपालिका क्षेत्रको विकास निर्माणका गतिविधि समेटिने गरी बृत्त चित्र निर्माणको लागि तिन संस्थाबाट आर्थिक प्रस्ताव माग गरी सबै भन्दा कम कबोलबाला चुरे मिडिया प्रालिसँगको सम्झौता अनुसार कुल रु.५४००००। मा रु.६५०००। संस्थाले व्यहोर्ने भनि उल्लेख गरेमा सम्झौता अनुसार कार्यालयले व्यहोर्ने रु.४७५०००। उल्लेख गर्नुपर्नेमा रु.४९५०००। उल्लेख गरी रु.२००००। बढी भुक्तानी गरेकोले प्रस्ताव अनुसारको अंश निज मिडियासँग असुल गर्नुपर्ने रु. | २०,००० |
| ६९ | | | **सवारी मर्मत अभिलेख**ः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ ले कारोवारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोमिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाबाट यो बर्ष सवारी साधन मर्मत तथा सम्भार गरेको रु.१९३९८८२। खर्च गरेकोमा म.ले.प फाराम नं. ४१५ को ढाँचामा मर्मत, सम्भार तथा संरक्षण अभिलेख खातामा अभिलेख राख्नुपर्नेमा अभिलेख खाता नै नराखी खर्च गरेकोले पालिकाले नियमको पालनामा ध्यान दिनुपर्दछ। | |
| ७० | | | **विविध खर्च**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले प्रयोजन नखुलाई रु.३०९९६६०। विविध खर्च भनेर होटलहरुको विलको आधारमा खर्च गर्ने गरेको देखियो। अतः खर्च गर्दा औचित्य पुष्ट्रि हुने प्रमाण संलग्न गरेर मात्र खर्च लेख्ने तर्फ ध्यान दिनु पर्दछ। | |
| ७१ | | | **बैठक भत्ता**ः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम १३३ अनुसार प्रचलित कानूनमा व्यवस्था भएको वा लेखाउत्तरदायि अधिकृतको निर्णय वमोजिम गठन भई एक भन्दा बढी निकायको पदाधिकारी समावेश हुने समितिको बैठकमा भत्ता दिन सकिने तथा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७५ को परिच्छेद ७ को दफा ७.१.१ अनुसार बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्ति राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको खण्डमा बढीमा तिन जना सम्म राख्न पाईने व्यवस्था छ। पालिकाले विभिन्न बोलपत्र मूल्याङ्कन,सिलबन्दि दरभाउपत्र खोल्दा, कोटेशनको मूल्याङ्कन तथा अन्य सवै शाखाका खरिद सम्बन्धि कार्य गर्दा नगरपालिकाका कर्मचारीहरुमात्रको बैठक बसी भत्ता भुक्तानी गरेको देखिन्छ। उल्लेखित व्यहोरा अनुसार बैठक भत्ता खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। | |
| ७२ | | | **वडाको खर्च**ः नगरपालिकाले बार्षिक बजेट अनुसार १२ वडा कार्यालय सञ्चालन तथा मसलन्द शीर्षकमा रु.८१ लाख ४१ हजार खर्च गरेको देखियो। उक्त खर्चका अतिरिक्त कार्यालय सामान तथा मसलन्दहरु पनि बुझेर लिने गरेको देखियो। वडा कार्यालयबाटै खरिद गरी सकेपछि पुनः नगरपालिकाबाट पनि सामान खर्च लेख्ने कार्य मनासिव देखिएन। एउटै काममा दोहोरो खर्च गर्ने परिपाटी नियन्त्रण गरी एकद्वार प्रणालिबाट खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ७३ | | | **विजक नमिलेको**ः मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची - ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ। कार्यालयले बिभिन्न निर्माण ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन। मू.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक एकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन। नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु. | १,५९६,३०९ |

| गो.भौ./मिति | व्यबसायीको नाम | विल रकम कर सहित | मु अ कर रकम | कैफियत |
|---|---|---|---|---|
| १७१।०७७।१०।२३ | पारभति निर्माण सेवा | १०४५५६०।६४ | १२०२८.७४ | कर बिजक पेश नगरी विजक पेश गरेको |
| २०७।०७७।१२।१० | ३०१७८०९९१ | १०५७७९६।८४ | १२१६९३.४४ | कर बिजक पेश नगरी विजक पेश गरेको |
| १०६।०७७।७।२५ | | १०७८६५४।०९ | १२४०९९.०५ | कर बिजक जारी नगरेको |
| १०७।०७७।७।२५ | | ९८६२१४।२१ | ११३४५८.२७ | कर बिजक जारी नगरेको |
| ११७।०७७।७।२७ | | २५५३०७ | ३३१८९.९१ | कर बिजक जारी नगरेको |
| १२६।०७७।८।१० | | २५०२११९।८१ | २८७८५४.४९ | कर बिजक पेश नगरी विजक पेश गरेको |
| ४४३।०७८।३।३० | | १७९५७७।९१ | २०६२९.४१ | कर बिजक पेश नगरी विजक पेश गरेको |
| ३१२।०७८।३।२ | मालिका निर्माण सेवा प्रालि ६०४३१६३८३ | १८६३२९२।८३ | २४२२२८.०७ | कर बिजकमा हातले लेखेको |
| ४२३।०७८।३।३० | रेनट्रेड एण्ड मार्केटिङ प्रालि | ४१४९४ | ४७७४ | सक्कल विजक नभएको |
| ३६०।०७८।३।२२ | अन्जु निर्माण सेवा ३००९४९४२३ | १५२१९६२।२ | १५८४११.५८ | कर बिजक पेश नगरी विजक पेश गरेको |
| ३६१।०७८।३।२२ | | १३५९८९९।११ | १३९७३७.१५ | |
| ३६३।०७८।३।२२ | | १०४७०७२।२९ | १०३७७१.२४ | |
| ४२५।०७८।३।३० | लाईभ नेपाल प्रालि ६०६७८१७५० | ५००००१ | ५७५२३ | कर बिजकमा हातले लेखेको |
| ४५१।०७८।३।३० | गौतम निर्माण सेवा ६०७१८०१०९ | ४९१४६८।६४ | ५६५४०.६४ | कर बिजकमा नभएको |
| ४३६।०७८।३।३० | रामारोशन सप्लायर्स ३०२८३९४०७ | १०४६२९५।२२ | १२०३७०.२५ | कर बिजक पेश नगरी विजक पेश गरेको<br>३०४,२६४,२८४,३८३ बाट |
| जम्मा | | | १५९६३०९.२४ | |

७४ **नमुना विद्यालय अनुदानः** विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालयले नमुना विद्यालय छनौट गरी भौतिक तथा प्राविधि पूर्वाधार विकासकालागि प्रत्येक बर्ष रु.१ करोड ५० लाखका दरले लगातार ३ बर्षसम्म बजेट विनियोजन गर्ने व्यवस्था

<table>
<tr><td></td><td></td><td></td><td>अनुसार यस नगरपालिका भित्रको दशरथ माध्यामिक विद्यालयलाई छनौट गरेको छ । उक्त विद्यालयलाई निकासा हुने रकम रु.५० लाखमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनमा विद्यालयको प्रस्तावना पेश गर्न लगाउने र सोको आधारमा खर्च हुने गरी निकासा गर्नु पर्नेमा कुनै पनि प्रपोजल पेश नगरी निकासा भएकोले नगरपालिकाले उक्त विद्यालयलाई गएको अनुदान रकमको समयमै अनुगमन गरी निर्देशिकाले तोकेको शीर्षकमा खर्च भए नभएको अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>कारोवारको लेखाः आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७. (१) मा आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राख्नु पर्ने नियम ५७. (२) बमोजिम भुक्तानी वा पेश्की फस्यौंटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजातमा खर्च गर्ने व्यक्तिले तयार गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फस्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यबस्था रहेको छ । यस पालिकाले लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राखी प्रमाणित गरेको छैन । यस्तो कार्य मनासिब नदेखिएकोले यसमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>विमाको विल पेश नभएकोः सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा निर्माण ब्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । पालिकाले देहायका निर्माण कार्यका लागि निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल आईटममा विमा तथा अन्य गुणस्तर परीक्षण जस्ता कार्यको लागि निर्माण व्यवसायीलाई अन्तिम विलबाट भुक्तानी गरेकोमा सोको विल विजक लेखापरीक्षण अवधि सम्म पनि पेश नभएकोले सो विमा बापतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी ठेक्का नं</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">रिङ रोड निर्माण</td><td>जे वि निर्माण सेवा</td><td>१०१०००</td><td>विमा,अदृश्य खर्च,गुणस्तर परीक्षण तथा अन्य</td></tr>
<tr><td>मालिका निर्माण सेवा प्रालि</td><td>६००००</td><td>विमा</td></tr>
<tr><td>वडा नं १ को भवन</td><td>-</td><td>२००००</td><td>एज विल्ड नक्सा</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८१०००</td><td></td></tr>
</table></td><td>१८१,०००</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>नपाउने भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा मुल्य अभिबृद्धि कर र कन्टिन्जेन्सी कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तरगत देहायका विद्यालयहरुको भवन निर्माण गरेकोमा कार्य सम्पन्न गरी भुक्तानी गर्दा कार्यालयले कन्टिन्जिन्सी कट्टा गरेर भुक्तानी गर्नुपर्नेमा कन्टिन्जिन्सी सहित भुक्तानी गरेको देखियो । नियमानुसार कट्टा गरी भुक्तानी दिनुपर्ने कट्टा गरेको नदेखिएकोले सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विद्यालय</th><th>कार्य सम्पन्न</th><th>भुक्तानी गर्नुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१६|०७८|३|१६</td><td>कालिका प्रावि</td><td>३७४०५८</td><td>२९४०००</td><td>३०००००</td><td>६०००</td></tr>
<tr><td>१७|०७८|३|१७</td><td>मेलघट्ट मावि जनकपुर</td><td>३२८७७३</td><td>२५८०९५</td><td>२६४०९५</td><td>६०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१२०००</td></tr>
</table></td><td>१२,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ७८ | | | **न्यून लागत सहभागिता**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९ अनुसार खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले नविन प्रविधिमा कृषकको क्षमता विकास गरी रोजगारी सृजना गर्न तालिम कार्यक्रम सञ्चालनको लागि समाज विकास केन्द्र,सुखड,कैलाली सँग रु.४९७०००। को सम्झौता गरी भुक्तानी गरेकोमा उक्त संस्थाले पेश गरेको प्रस्तावमा रु.४९७०००। कार्यालयले व्यहोर्ने र रु.७५०००।संस्थाले साझेदारी गर्ने गरी पेश गरेकोमा कार्यक्रम सम्पन्न गरी पेश गरेका विल भर्पाई परीक्षण गर्दा सवै खर्च पालिकाले मात्र व्यहोरेको देखिएकोले प्रस्ताव बमोजिमको रकम सेवा प्रदायक संस्थाबाट असुल गर्नुपर्ने रु. | ७५,००० |
| ७९ | | | **न्यून अवधिको कार्य सम्पादन जमानत**: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० मा स्वीकृत वोलपत्रबाट खरिद मालसामान आपूर्ति वा हस्तान्तरण वा वारेन्टीको अवधिभन्दा कम्तिमा एक महिना बढीको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ ।नगरपालिकाको कृषि शाखाबाट कृषकलाई अनुदानमा कृषि यन्त्र मिनिटिलर,पावरटिलर खरिद गर्नको लागि बोलपत्र आव्हान गरी रु.७०२३०००। को लागत अनुमानतमा सवै भन्दा घटिवाला दोभान एग्रिकल्चर एण्ड मिल स्टोरसँग रु.६९९८६००।मा सम्झौता भएकोमा देखियो । सम्झौतामा उक्त सप्लायर्सले १८ महिनाको वारेन्टी दिने उल्लेख गरेकोमा कबोल अंकको ५ प्रतिशतले हुने रु.३४९९३०। बरावरको १९ महिना मान्य अवधिको बाणिज्य बैंकको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा पेश नगरी सम्झौता गरेकोले कार्यसम्पादन जमानत वेगर काम गराएको नियम सम्मत नदेखिएकोले सुधार गर्नुपर्ने । | |
| ८० | | | **पशुपन्छी प्रर्वद्धन कार्यक्रमः** | |
| ८०.१ | २११ | २०७८-३-२० | संघिय शसर्त कार्यक्रम अन्तरगत बंगुर पालनको लागि साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा पकेट विस्तारका लागि वडा नं.९ मा नमुना बंगुर पालन समितिसँग रु.१० लाख कार्यालयबाट व्यहोर्ने र बाँकी रु.१० लाख कृषक समूहले व्यहोर्ने गरी कार्यक्रम तयार गरेकोमा निर्देशिकाले तोके अनुसार कुल रकमको ८० प्रतिशत पशु खरिदमा खर्च गर्नुपर्नेमा ५० प्रतिशत रु.१० लाखको १९२ बंगुर पाठापाठी खरिद गरेको र बाँकी रकमको कार्यविधि विपरित लागत अनुमान तयार नै नगरी गोठ सुधारका लागि एकमुष्ट रु.६०१०२८।को सिमेन्ट खरिद गरेको र रु.४ लाखको डोर हाजिर फारामबाट खर्च गरेको देखियो । निर्देशिकाले तोकेको कार्य भन्दा फरक पारी खर्च गरेकोले नियम सम्मत नदेखिएको रु. | १,०००,००० |
| ८०.२ | | | लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धि मार्गदर्शन,२०७७ को दफा ५ अनुसारको लागत अनुमान तयार गरी कम्तिमा कुल बजेटको ८० प्रतिशत पशु खरिदमा लगानी गर्ने,१० प्रतिशत अनुगमन,तालिममा खर्च गर्ने र बाँकी १० प्रतिशत अनुसूचि ६ मा समावेश गरेका क्रियाकलापमा खर्च गर्ने गरी तयार गर्नुपर्ने र सो अनुसार खर्च गर्नुपर्नेमा नगरपालिकाले बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि लागत तयार गर्दा मार्गदर्शन अनुसार तयार नगरी एकमुष्ट चार पक्षको सहभागिता रहने गरी कार्यक्रम तयार गरेको निर्देशिकाले तोके अनुसार गरेको देखिएन । मार्गदर्शनले तोकेको नर्म्स अनुसार नगरी खर्च गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन ।<br><br>क) २०७।२०७८।३।१६ लागत साझेदारीमा बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि नगरपालिकाको बार्षिक कार्यक्रममा संघिय शसर्त कार्यक्रमबाट रु.१० लाख, नगरपालिकाबाट रु.१० लाख, भेटनरी तथा पशु विज्ञ केन्द्रबाट रु.१० लाख र कृषक समूहबाट रु.१० लाख गरी रु.४० लाखको कार्यक्रम तयार गरी बंगुरका पाठा पाठी गरी जम्मा ३०० वटा खरिद गर्नको लागि रु.२४ लाख र खोर सुधारको लागि (लागत अनुमात तयार नगरी) रु.१३ लाख र तालिम,गोष्ठि,भ्रमण अनुगमनमा रु.३ लाख को कार्य गर्ने गरी लागत अनुमान तयार गरी ४५ जना कृषकलाई १-१ वटा पाठो र ५-५ वटा पाठी खरिद गरेकोमा २७० वटा पाठापाठी श्रीराम बंगुर फार्म,बर्दगोरियाबाट रु.१८०९०००। खरिद गरेको तथा खोर सुधारमा रु.७०२६९८। गरी जम्मा रु.२५११६९८। खर्च गरेको विल भर्पाई पेश गरेको छ ।उक्त खर्चमा संघिय शसर्त कार्यक्रमबाट रु.१० लाख, नगरपालिकाबाट रु.४१०४३९।, भेटनरी तथा पशु विज्ञ केन्द्रबाट रु.१० लाख खर्च गरेको देखियो । कुल | ५८९,५६१ |

<table>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम खर्च घटी भएकोमा सोही अनुपातमा कट्टा गरेर भुक्तानी गर्नुपर्नेमा संघिय तथा प्रदेशको बजेटमात्र खर्च गरेकोले अनुपातिक सवैको रु.६२७९२४। खर्च गर्नुपर्नेमा अनुपातिक बढी खर्च लेखेकोले बढी खर्च लेखेको रकम संघिय सञ्चित कोषमा रु.२९४७८१। र प्रदेश सञ्चित कोषमा रु.२९४७८१। गरी जम्मा रु.५८९५६१। दाखिला गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>८१</td><td>२८४</td><td>२०७८-३-२६</td><td>बढी भुक्तानी: २८४।०७८।३।२६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा मुल्य अभिबृद्धि कर र कन्टिन्जेन्सी कट्टा गरेर मात्र भुक्तानी नगरिने तथा उपभोक्ता समितिलाई दिएको काम निर्माण व्यवायीबाट गराउन निमल्ने व्यवस्था छ । संघिय शसर्त कार्यक्रम अन्तरगत माछाका लागि साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा पकेट विस्तारका लागि नगरपालिकाले बुट्का बाबा मत्स्य पालन कृषक समूहसँग रु.१८७५०००। मा ७५ प्रतिशत नगरपालिकाले व्यहोर्ने र बाँकी २५ प्रतिशत कृषक समूहले व्यहोर्ने गरी पोखरि निर्माणको लागि सम्झौता भएको देखियो । उक्त समूहले बुट्का बाबा निर्माण सेवा प्रालिबाट काम गराईएको भनि उक्त निर्माण व्यवसायीको रु.१६८६०००। (मुल्य अभिबृद्धि कर र कन्टिन्जेन्सी सहित) को विजक राखी कुल रकमको २५ प्रतिशत कट्टा गरी रु.१२६४५००। भुक्तानी दिएको देखियो । नियम विपरित निर्माण व्यवसायीबाट काम गराएकोमा मुल्य अभिबृद्धि कर कट्टा नगरी भुक्तानी दिएकोले रु.१०८९०२४। भुक्तानी दिनुपर्नेमा रु.१७५४७६।बढी भुक्तानी दिएकोले सम्बन्धित समूहबाट असुल गर्नुपर्ने रु.</td><td>१७५,४७६</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>अग्रिम कर कट्टी: आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले अनुदानमा कृषकलाई कृषियन्त्र, उपकरण तथा ,विउविजन खरिदगरी सामान उपलब्ध गराए बापत सामान आपूर्तकबाट खरिद मुल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा नगरपालिकाबाट भएको भुक्तानी अंशमा मात्र अग्रिम करकट्टी गरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम करछुट हुन गएको देखियो । तसर्थ देहायको भुक्तानी बाहेक बाँकी रकममा तहाँबाटै एकिन गरी देहायको भुक्तानीमा छुट भएको कर सम्बन्धित फर्मबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>भौ.नं/मिति</td><td>संस्थाको नाम</td><td>प्रयोजन</td><td>विल रकम</td><td>करकट्टि हुनुपर्ने रकम</td><td>करकट्टी भएको रकम</td><td>कर छुट रकम</td></tr>
<tr><td>२०२।०७८।३।९</td><td>उग्रतारा सिड कम्पनी प्रालि, धनगढी</td><td>उन्नत धानको विउ अनुदान</td><td>४४६१०००</td><td>६६९१६</td><td>३३४५८</td><td>३३४५८</td></tr>
<tr><td>२०७।०७८।३।१६</td><td>श्रीराम बंगुर फार्म, बर्दगोरिया</td><td>बंगुरका पाठा खरिद</td><td>१८०९०००</td><td>२७१३५</td><td>०</td><td>२७१३५</td></tr>
<tr><td>६।०७७।८।२२</td><td>उग्रतारा सिड कम्पनी प्रा.लि,धनगढी</td><td>उन्नत गहुँको विउ अनुदान</td><td>२९९६५००</td><td>४४९४८</td><td>२२४७४</td><td>२२४७४</td></tr>
<tr><td>६७।०७८।३।२६</td><td>सन्देश एग्रीकल्चर एग्रिटेक प्रालि र अन्य</td><td>ड्रागन खेतिमा अनुदान</td><td>११२१८६१</td><td>१६८२८</td><td>८७००</td><td>८१२८</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>९११९५</td></tr>
</table></td><td>९१,१९५</td></tr>
<tr><td>८३</td><td>१९२</td><td>२०७८-३-६</td><td>उपभोग विहिन खर्च: कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा बसन्ते मकैको पकेट विस्तारका लागि नगरपालिकाले शान्तिनगर कृषि सहकारी संस्था लिमिटेडसँग रु.१९०९९९९। मा रु.१० लाख नगरपालिकाले व्यहोर्ने र बाँकी रु.९०९९९९।कृषक समूहले व्यहोर्ने गरी सम्झौता भएको देखियो । नगरपालिकाले पेश गरेको विल भर्पाई परीक्षण गर्दा अनुगमन समितिले रु.३८१३९१। को मात्र मूल्याङ्कन गरी भुक्तानीको सिफारिस गरेको आधारमा भुक्तानी दिएको छ । यस सम्बन्धमा कार्यालयमा छलफल गर्दा मकै रोपि उम्रेको अवस्थामा छाडा गाई बस्तुले बालि नष्ट गरेको कारण कम मूल्याङ्कन गरेको भनि जानकारी भयो । यस्तो कार्य सञ्चालन गर्दा उल्लेखित अवस्था नआउने गरी नगरपालिकाले तथा अनुदान लिने संस्थाले विशेष ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>८४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। ऐनको ९६ बमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ। कार्यालयले आफ्नो आन्तरिक आय तथा अनुदानबाहेकका अन्तरसरकारी अख्तियारीका शीर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ। लेखापरीक्षणबाट उल्लेखनीय व्यहोरा देखिएन। आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरीक्षणको लागि अद्याबधिक गराउनुपर्दछ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>२७९७७१०००</td><td>०</td><td>२७९७७१०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>अद्यावधिक बेरुजु- यस पालिकाको २०७७।७८ सम्मको फछयौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू<br>E=A+C+D</th></tr>
<tr><td>२७९७७१०००</td><td>०</td><td>१५७९३६४४५</td><td>०</td><td>४३७७०७४४५</td></tr>
</table></td><td></td></tr>
</table>